

2075

# २०७४।७५मा छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु

## २०७४ असोज ६ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १.**

कर्मचारी व्यवस्थापन तथा संचालन सम्बन्धमा नेपाल सरकार द्धारा जारी आदेश २०७४ को बुदा नं. ३६ को अधिनमा रहि यस छत्रेश्वरी गाउँकार्यपालिकाको मिति २०७४।०४।२७ को निर्णय बमोजिम करार सेवामा इन्जिनियर जनरल १ र सव इन्जिनियर जनरल २ को पदपुर्तिका लागी गरिएको विज्ञापनमा परेका आवेदन उपर आवश्यक योग्यताको परिक्षण गर्न र अन्तरवार्ता तथा प्रयोगात्मक परीक्षा संचालन गर्न गाउँकार्यपालिका अध्यक्षको संयोजकत्वमा कार्यकारी अधिकृत र सम्बन्धीत प्राविधिक बिज्ञ रहेको परीक्षा समिती गठन गरी आवश्यक प्रकृया अनुसार काम गर्न निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. २.**

नेपाल सरकार कृषि मन्त्रालय द्धारा संचालित एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम हाल स्थानीय तहमा हस्ताणतरण भई आएकोले सो अन्तरगत यस गाउँपालिका भित्र निरन्तर कामकाज गर्दै आइरहेका कृषि प्राविधिकहरु श्री गणेश भण्डारी र श्री विमला घर्ति मगरको नियामानुसार त.भ.पाउने गरी करार अवधि आ.व.२०७४।७५ श्रावण देखि ६ महिना थप गर्ने र गाउँपालिका द्धारा आवश्यकताका आधारमा परिचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

नेपाल सरकार पशुपञ्छी मन्त्रालय द्धारा संचालित एक गाउँ एक पशु प्राविधिक कार्यक्रम हाल स्थानीय तहमा हस्ताणतरण भई आएकोले सो अन्तरगत यस गाउँपालिका भित्र निरन्तर कामकाज गर्दै आइरहेका पशु प्राविधिकहरु श्री लोकेन्द्र डाँगीको नियामानुसार त.भ.पाउने गरी करार अवधि आ.व.२०७४।७५ श्रावण देखि ६ महिना थप गर्ने र गाउँपालिका द्धारा आवश्यकताका आधारमा परिचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

यस छत्रेश्वरी गाउँपालिका अन्तरगतका साविक गाविसहरुमा नियमिति कामकाज गर्दै आइरहेका अस्थायी (करार) कर्मचारीहरु श्री पुर्ण बहादुर चन्द, श्री राम बहादुर चन्द श्री डिल्ली बहादुर वली, श्री तारा प्रसाद वली श्री भद्रबीर खत्री र श्री हिमा यरीको कार्यपालिकाले गरेको निर्णय अनुसार त.भ.पाउने गरी अवधी आ.व.२०७४।७५ श्रावण देखि एक बर्ष थप गर्ने निर्णय पारित गरियो ।

छत्रेश्वरी गाउँपालिका

**निर्णय नं. ५**

गाउँसभाको प्रथम बजेट अधिवशनबाट चालु आ.व.२०७४।७५ का लागी विनियोजित पुँजिगत बजेट अन्तरगत फर्निचर तथा फिक्चर्स शिर्षकबाट कार्यपालिकाको बैठक कक्ष व्यवस्थापन, अथिति गृहको व्यवस्थापन तथा कार्यालयको आवश्यकताको आधारमा फर्निचर खरिद गर्ने र मेसिनरी औजार शिर्षकवाट कार्यालय र अथिती गृहमा सोलार, डोजर १,स्काभेटर १ टिप्पर १ एम्बुलेन्स ३ खरिद प्रकृया अगाडी बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिका भित्र प्राकृतिक विपत्तिको कारण क्षति भएको अवस्थामा आवश्यक प्रकृया पुरा गरी कार्यालयबाट  सामान्य प्रकृतिको विपतमा रु ४,००० र गम्भिर प्रकारको मानविय क्षति भएमा रु २५,०००। क्षतिपुर्ति उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिका भित्र बिभिन्न बडाहरु सम्मको सम्पन्न भइसकेको बाटो मर्मत कार्य प्राविधिक स्टिमेट मुल्यांकनको आधारमा कन्टिन्जेन्सी रकमबाट आवश्यक प्रकृया पुरा गरी रकम भुक्तानी दिने निर्णय पारित गरियो ।

## २०७४ कार्तिक ७ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णयहरु**

१. चालु आर्थिक वर्षमा संचालन हुने योजना संचालन गर्न प्राविधिक कर्मचारी अभाव रहेको संदर्भमा यस गाउँ कार्यपालिकाको २०७४।०४।२७ को निर्णयको आधारमा कार्यालयबाट मिति २०७४।०५।१२ को विज्ञापन नं ०१।७४।७५ र ०२।७४।७५ अनुसार गर्ने भनिएको पदपुर्ति प्रकृयालाई हाललाई रद्द  गरी योजना संचालन कार्यलाई छिटो छरितो वनाउन निश्चित समयका लागी व्यक्ति सेवा करार सम्झौता , सेवा प्रदायक संस्था संग प्रतिस्पर्धाका आधारमा लिर्ने, जिल्ला प्राविधिक कार्यालय तथा विद्युत प्राधिकरण कार्यालय द्धारा सहयोग लिने निर्णय पारित गरियो ।

२. आन्तरिक आम्दानीलाई अभिबृदि गर्न वडा कार्यालयहरुले नियमित रुपमा मासिक आम्दानीलाई गाउँपालिकाको मुलखातामाम दाखिला गर्ने र गत गाउँ सभावाट पारित करका दर तथा दायरा लाई लक्ष्य अनुसार कार्यान्वयन गर्दै जाने व्यावसाय कर र घर कर असुलीका लागी सम्बन्धीत वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय पारित गरियो ।

छत्रेश्वरी गाउँपालिका

३. चालु आव २०७४।७५ को वजेट तथा कार्यक्रममा स्वास्थ्य क्षेत्र सुधार तथा प्रवर्द्धन कार्यक्रममा विनियोजन भएको ३० लाख रुपैयाँ मध्य रु ५ लाख अत्यावश्यक स्वास्थ्य सेवा प्रवाहका लागी जगडा राख्ने र वाँकी रु २५ लाख रकमवाट हाल सम्म स्वास्थ्य संस्था नभएका वडा नं २, ३ र ७ मा प्राथमिक चरणको स्वास्थ्य सेवा प्रवाहका लागी व्यवस्थापन तथा स्वास्थ्य सामागी खरिद र सवै स्वास्थ्य संस्थाका लागी औषधी खरिद गर्ने निर्णय पारित गरियो । साथै स्वास्थ्य चौकी दमाचौरमा कार्यरत अ.न.मी श्री प्रमिला के.सी लाई नयाँ स्वास्थ्य संस्था व्यवस्थापन शिर्षकबाट खाई पाई आएको त.भ. पाउने गरी २०७४ श्रावण देखि ६ महिनाको लागी म्याद थप गर्ने निर्णय पारित गरियो ।

४. चालु आव २०७४।७५ को वजेट तथा कार्यक्रममा युवा तथा खेलकुद विकास शिर्षकमा विनियोजन भएको रु ५ लाख  रुपैयाँ वडा स्तरमा खेलकुद प्रवर्द्धनका लागी आवश्यक सामग्री  खरिद तथा खेलकुद कार्यक्रम आयोजना गर्न प्रत्येक वडा कार्यालय मार्फत रु ४० हजारका दरले खर्च गर्ने र वाँकी रकम आवश्यकताको आधारमा युवा तथा खेलकुद विकासका लागी कार्यालयको निर्णय अनुसार खर्च गर्ने निर्णय पारित गरियो ।

५. चालु आ.व.मा उत्कृष्ट विद्यार्थीलाई छात्रबृति शिर्षकमा विनियोजित रु २ लाख गत शैक्षिक शत्रको एस.इ.इ परिक्षामा उत्कृष्ट नतिजा ल्याउने एक छात्र एक छात्रालाई गाउँ शिक्षा कार्यालयबाट विवरण माग गरी गाउँपालिका द्धारा विषेश कार्यक्रम आयोजना गरी वितरण गर्ने निर्णय पारित गरियो ।

६. चालु आव २०७४।७५ को वजेट तथा कार्यक्रममा सुरक्षा व्यवस्थापन अन्तरगत विनियोजन भएको रकम रु १० लाख प्रहरी कार्यालय व्यवस्थापनका लागी साविकको दमाचौर लेकपोखरा कोर्वाङ झिम्पे र छायाँक्षेत्रमा जग्गा खरिद गर्ने निर्णय पारित गरियो । साथै यसै शिर्षकको रकमबाट इलाका प्रहरी कार्यालय लुहामलाई गाडीको टायर खरिदका लागी रु ३५०००। विनियोजन गर्ने निर्णय पारित गरियो ।

## २०७४ पुष १० गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णयहरु**

१.चालु आ.व.मा संचालन हुने योजनालाई उपलब्धीमुलक र उद्देश्यमुलक बनाउन तथा योजनाको प्राविधिक खर्च व्यवस्थापन गर्न प्रत्येक योजनाबाट समग्र योजना व्यवस्थापन खर्च स्वरुप ४ प्रतिशत कन्टिन्जेन्सी,१ प्रतिशत बातावरण कोष र १ प्रतिशत मर्मत सम्भार कोष गरी जम्मा ६ प्रतिशत रकम कट्टा गरी अन्तीम भुक्तानी दिने निर्णय पारित गरियो ।

२.गाउँ कार्यपालिकाको मिति २०७४।०४।२७ तथा मिति २०७४।०७।१२ को निर्णय कार्यान्वयन स्वरुप प्राविधिक कर्मचारीको अभाव हुन नदिइ योजना संचालनलाई निरन्तरता दिन गाउँपालिकाको मिति

२०७४।०७।२६ को निर्णय अनुसार सम्झौता भइ कामकाज गर्दै आएका इन्जिनियर ज्यास्मिन राई मासिक रु ३०,५०० र सब इन्जिनियर सन्दिप शर्मा मासिक रु २३,५०० को सम्भौता प्रकृयालाइ सर्मथन अनुमोदन गर्ने निर्णय पारित गरियो ।

३.यस चालु आ.व.को पहिलो चौमाशिकमा भएको खर्च सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिबेदन अनुसार निःशर्त चालु तर्फ रु ३६,३१,५१८ पुजींगत तर्फ रु २८,१८,२०४ र ससर्त स्वास्थ्य तर्फ रु ४४,७९,७४१ आर्युवेद तर्फ रु ५,४३,९८१ शिक्षा तर्फ रु२,१९,२७,७४७ कृषि तर्फ रु २,२१,२५६ र पशु तर्फ रु १,१०,८५० खर्च देखिएकोले यस कार्यपालिका बैठकबाट सर्ब सम्मत अनुमोदन गर्ने निर्णय पारित गरियो ।

४.चालु योजनाको कार्यान्वयन प्रकृयालाई चुस्त दुरुस्त बनाउन योजनाको प्राविधिक लगत स्टिमेट भइसकेपछि उपभोक्ता समिति गठन तथा सम्झौतालाई व्यवस्थित गर्दै जाने र भुक्तानी प्रकृयालाई कम झन्झटिलो बनाउन रु १ लाख सम्मको योजनाको भुक्तानी बैंक खाता विना सिधै दिने व्यवस्था मिलाउने निर्णय पारित गरियो ।

५.गाउँ कार्यपालिकाको मिति २०७४।०७।१२ को बैठकको निर्णय अनुसार यस गाउँपालिकाको वडा नं.२ वडा नं.३ र वडा नं. ७ मा गाउँ स्वास्थ्य इकाई स्थापना गर्ने तयारी अन्तिम चरणमा रहेकोले स्वास्थ्यकर्मी सम्बन्धी जनशक्ति संचालित स्वास्थ्य संस्थाहरुबाट व्यवस्थापन गर्न सक्ने अवस्था भए पनि कार्यालय सहयोगी नभएकोले प्रत्येक इकाईका लागी एक एक जना गरी ३ जना कार्यालय सहयोगी मासिक तलब रु ८,००० हुने गरी यस आ.व.कालागी करार सम्झौता गरी गाउपालिकाबाट स्वास्थ्य प्रर्वद्धन शिर्षकमा बिनियोजित रकमबाट तलब भत्ता पाउने गरी नियुक्ति दिने निर्णय पारित गरियो ।

६.गाउँ कार्यपालिकाको कार्यालयमा अध्यक्षको कार्यकक्ष तथा भान्सा र प्रमुख प्रशासकीय अधिकृतको भान्साको समेत कामकाज गर्ने गरी जम्मा २ जना कार्यालय सहयोगी प्रत्येकलाई मासिक तलब स्केल रु ८,००० हुने गरी ६ महिनाको करार सम्भौतामा नियुक्ति गर्ने निर्णय पारित गरियो ।

७.यस कार्यालय द्धारा आव्हान गरीएको खुल्ला बोलपत्र बमोजिम स्काभेटर, व्याकहो लोडर र टिपर खरिदको प्रकृया झण्डै अन्तिम चरणमा गएकोले उक्त मेशिनका लागी चालक तथा सह चालक आबश्यक पर्ने भएकोले सम्बन्धीत सिप भएको चालक ३ सहचालक ३ गाउपालिका द्धारा करारमा भर्ना गर्ने निर्णय पारित गरियो । साथै कार्यालय द्धारा एम्बुलेन्स खरिद भएमा सो कालागी आवश्यक पर्ने चालक १ पनि भर्ना गर्ने निर्णय पारित गरियो ।

८.गाउँपालिका द्वारा गरिने करार कर्मचारी छनौटका लागी गाउँपालिका अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको समितिले आवश्यकताका आधारमा सम्बन्धीत शिपको परिक्षणका लागी एक विज्ञ आमन्त्रण गर्न सक्ने अधिकार सम्पन्न समिति गठन गर्ने र सो समितिको सिफारिसमा कर्मचारीलाई करार सम्झौता गर्ने निर्णय पारित गरियो ।

९.बिभिन्न वडा कार्यालय द्वारा बर्षातको समयमा भएको सडक मर्मत सम्बन्धी स्टिमेट,मुल्यांकन तथा खर्चको यर्थात विवरण सहित वडा कार्यालयको सिफारिसमा कन्टिन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

१०.गाउँ कार्यपालिकाका वडा अध्यक्ष बाहेकका सदस्यहरुलाई गाउँपालिकाबाट यस महिना देखि लागु हुने गरी प्रत्येक महिना रु २,००० बराबरको संचार तथा इन्धन वापत सुविधा दिने निर्णय पारित गरियो ।

११.उद्योग बाणिज्य संघ द्वारा आयोजित कृषि पर्यटन मेला प्रवर्द्धन  कार्यक्रमका लागी कला भाषा संस्कृति संरक्षण कोष मध्य विनियोजित रकमबाट रु ४०,००० सहयोग गर्ने निर्णय पारित गरियो ।

१२.गाउँ कार्यपालिकाका नियमित चासो र सरोकारका विषयमा छलफल तथा आदान प्रदानका लागी कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ६ गते बस्ने निर्णय पारित गरियो ।

१३.श्री कृष्ण मा.वि.पोखरीडाँडा वडा नं.४ मा निकट भविष्यमा संचालित हुन गई रहेको पुस्तकालय संचालनका लागी एक जना लाइबेरीयन तलब स्केल रु १३,००० पाउने गरी सामुदायिक विद्यालय स्तोरान्नती शिर्षकबाट ६ महिनाको करार सम्झौता गरी राख्ने निर्णय पारित गरियो ।

१४.वडा नं २, वडा नं.३ र वडा नं.७ मा स्थापना हुने नयाँ गाउँ स्वास्थ्य इकाइका लागी अपुग हुने एक जना अ.हे.व. स्वास्थ्य प्रवर्द्धन शिर्षकमा विनियोजित रकमवाट खर्च हुने गरी मासिक रु १३,००० पाउने गरी ६ महिनाको लागी करार सम्झौता गरी आवश्यकताको आधारमा खटाउने निर्णय पारित गरीयो ।

## २०७४ पुष १८ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णयहरु**

१.गाउँ कार्यपालिकाको मिति २०७४।०७।१२ को बैठकको निर्णय अनुसार यस गाउँपालिकाको वडा नं.२ वडा नं.३ र वडा नं. ७ मा गाउँ स्वास्थ्य इकाई स्थापना गर्ने तयारी अन्तिम चरणमा रहेकोले स्वास्थ्यकर्मी सम्बन्धी जनशक्ति संचालित स्वास्थ्य संस्थाहरुबाट व्यवस्थापन गर्न सक्ने अवस्था भए पनि कार्यालय सहयोगी नभएकोले प्रत्येक इकाईका लागी एक एक जना गरी ३ जना कार्यालय सहयोगी

छत्रेश्वरी गाउँपालिका

मासिक तलब रु ८,००० हुने गरी यस आ.व.कालागी करार सम्झौता गरी गाउपालिकाबाट स्वास्थ्य प्रर्वद्धन शिर्षकमा बिनियोजित रकमबाट तलब भत्ता पाउने गरी नियुक्ति दिने निर्णय पारित गरियो ।

२.गाउँ कार्यपालिकाको कार्यालयमा अध्यक्षको कार्यकक्ष तथा भान्सा र प्रमुख प्रशासकीय अधिकृतको भान्साको समेत कामकाज गर्ने गरी जम्मा २ जना कार्यालय सहयोगी प्रत्येकलाई मासिक तलब स्केल रु ८,००० हुने गरी ६ महिनाको करार सम्भौतामा नियुक्ति गर्ने निर्णय पारित गरियो ।

३.यस कार्यालय द्धारा आव्हान गरीएको खुल्ला बोलपत्र बमोजिम स्काभेटर, व्याकहो लोडर र टिपर खरिदको प्रकृया झण्डै अन्तिम चरणमा गएकोले उक्त मेशिनका लागी चालक तथा सह चालक आबश्यक पर्ने भएकोले सम्बन्धीत सिप भएको चालक ३ सहचालक ३ गाउपालिका द्धारा करारमा भर्ना गर्ने निर्णय पारित गरियो । साथै कार्यालय द्धारा एम्बुलेन्स खरिद भएमा सो कालागी आवश्यक पर्ने चालक १ पनि भर्ना गर्ने निर्णय पारित गरियो ।

४.गाउँपालिका द्धारा गरिने करार कर्मचारी छनौटका लागी गाउँपालिका अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको समितिले आवश्यकताका आधारमा सम्बन्धीत सिपको परिक्षणका लागी एक विज्ञ आमन्त्रण गर्न सक्ने अधिकार सम्पन्न समिति गठन गर्ने र सो समितिको सिफारिसमा कर्मचारीलाई करार सम्झौता गर्ने निर्णय पारित गरियो ।

५.यस गाउँपालिका अन्तरगत जिल्ला पशु कार्यालयबाट झण्डै २५ लाख बराबरको गाउँ पशु शाखा संचालन भवन निर्माण सम्बन्धी ठक्का प्रकृया अन्तिम चरणमा रहेकोले निर्माण कार्यका लागी जग्गा माग भएकाले यस गाउँपालिकाको भोटेचौरमा रहेको कृषि सेवा केन्द्र र स्वास्थ्य चौकी विचको सार्वजनिक जमिन उपयुक्त देखिएकोले उक्त जग्गा भवन निर्माणका लागी उपलब्ध गराउने निर्णय पारित गरियो ।

६.गाउँपालिका द्धारा योजना तथा सार्वजनिक सेवाको अनुगमन मुल्यांकन लगायत सरकारी कामको सिलसिलामा बिभिन्न स्थानमा आवत जावत गर्न पदाधिकारी तथा कर्मचारीलाई उपयुक्त सवारी साधनको व्यवस्था गर्न नसकिएकोले हाललाई आगामी असाढ मसान्त सम्मका लागी मासिक गाडी भाडामा लिई संचालन गर्ने निर्णय पारित गरियो ।

७. छत्रेश्वरी गाउँपालिका भित्र रहेको सार्वजनिक जमिनलाई के कति रहेको छ भन्ने सन्दर्भमा बस्तुगत तथ्यांकका आधारमा गाउँपालिकाले संरक्षण गर्ने जमिनको सम्भावित अतिक्रमणलाई रोक्न सवै वडा

छत्रेश्वरी गाउँपालिका

कार्यालयहरुले पहल गर्ने र गाउपालिकामा संचालनमा आउने सार्वजनिक सेवा प्रदायक निकायलाई आवश्यकताको आधारमा जग्गा उपलब्ध गराउने , साथै गाउँपालिकामा लगानी मैत्री बातावरण सिर्जना गर्न आम लगानीकर्ता लाई आवश्यकताको आधारमा सार्वजनिक जग्गा उपलब्ध गराउने तथा लगानी सुरक्षाको प्रत्याभुति प्रदान गर्ने निर्णय पारित गरियो ।

८. गाउँपालिका द्धारा संचालन हुने सडक निर्माण तथा मर्मत स्तोरान्नती लगाएतका योजना उपभोक्ता समितिहरुले प्रचलित दर रेटमा गाउँपालिकाको व्याकहो लोडर, स्काभेटर लगायतका समाग्री प्रयोग गर्ने निर्णय पारित गरियो ।

९.श्री कृष्ण मा.वि.पोखरीडाँडा वडा नं.४ मा निकट भविष्यमा संचालित हुन गई रहेको पुस्तकालय संचालनका लागी एक जना लाइबेरीयन तलब स्केल रु १३,००० पाउने गरी सामुदायिक विद्यालय स्तोरान्नती शिर्षकबाट ६ महिनाको करार सम्झौता गरी राख्ने निर्णय पारित गरियो ।

## २०७४ माघ ७ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णयहरु**

१. मिति २०७४।०९।१८ को कार्यपालिकाको बैठकको निर्णय अनुसार कार्यालय द्धारा भएको विज्ञापन अनुसार करार नियुक्तिहुने स्काभेटर चालकको मासिकतलव रु १२,०००। र भत्ता प्रति घण्टा रु १५०। व्यकहो लोडर चालकको मासिकतलब रु ८०००। र भत्ता प्रति घण्टा रु १००।  टिप्पर चालकको तलबमासिक रु १८०००।, सहचालकको मासिक रु ८०००। दिने निर्णय पारित गरियो ।

२. चालु योजनाको अनुगमन मुल्यांकनलाई प्रभावकारी बनाई रकम भुक्तानी प्रकृयालाई थप उत्तरदायी बनाउन गाउँपालिका अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष र योजना संचालन भएको वडाको सम्बन्धीत वडा अध्यक्ष सदस्य रहने एक योजनाजाँचपास तथा फरफारक समिति गठन गर्ने जसको सिफारिस पश्चात मात्र योजनाको अन्तिम भुक्तानी एंव फरफारक गर्ने निर्णय पारित गरियो ।

३.पुर्व कार्यपालिका बैठकको निर्णय अनुसार उपभोक्ता समितिबाट संचालन हुने सडक निर्माण मर्मत तथा स्तरान्नती सम्बन्धी योजनामा गाउँपालिकाको मेशीन प्रयोग गर्ने र जसमा व्याकहो लोडरको प्रति घण्टा इन्धन समेत गरी रु १८००।-, स्काभेटरको बकेट प्रति घण्टा इन्धन समेत रु ५०००।- र स्काभेटरको ब्रेकर प्रति घण्टा इन्धन समेत रु ६०००।- दर रेट कायम गरी संचालन गर्ने निर्णय पारित गरियो ।

## <u>२०७४ चैत्र ६ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :</u>

### १. गरिव सँग विश्वेश्वर कार्यक्रमको बजेट खर्च गर्ने सम्बन्धी निर्णय :

यस गाउँपालिकाको साविक छायाक्षेत्र र कोर्वाङझिम्पे गाविसमा लागु भएको गरिव सँग विश्वेश्वर कार्यक्रम अन्तरगत यस गाउँपालिकालाई प्राप्त भएको पुँजिगत रकम रु ५लाख २० हजार लाई सम्बन्धीत सामाजिक परिचालकहरु मार्फत उक्त कार्यक्रम अन्तरगत गठन भएका समुहहरुको आवश्यकताका आधारमा विभिन्न कार्यक्रम गाउँ कार्यपालिकाको कार्यालय द्धारा स्वीकृत गरी संचालन गर्न खर्च गर्ने निर्णय पारित गरियो ।

### २. LGCDP को बजेट खर्च गर्ने सम्बन्धी निर्णय :

LGCDP मार्फत स्थानीय तहका लागी प्राप्त रकम अन्तरगत यस गाउँपालिकाका लागी पुँजिगत अख्तियारी मध्य कार्यालयमा प्राप्त निर्देशिका अनुसार रु १ लाख गाउँपालिकाको पार्श्वव चित्र अद्यावधिक गर्ने रु ६ लाख ६० हजार रकम LGCDP बाट दिइएको Specification अनुसार कार्यालयको सुचना प्रविधी क्षमाता विकासका लागी कम्प्युटर, E– Attendance ,प्रिन्टर लगायतका मेशिनरी औजार खरिद गर्ने निर्णय पारित गरियो ।

### <u>३. योजनाको अनुमोदन तथा फरफारक सम्बन्धी निर्णय :</u>

यस गाउँपालिकाको गाउँ सभाबाट पारित भएका बिभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा गाउँ कार्यपालिका द्धारा प्राप्त अख्तियारी अनुसार हाल सम्म कार्यालय द्धारा भुक्तानी भएका योजना तथा कार्यक्रमहरुको खर्च सम्बन्धी प्रतिवेदन बैठकमा पेश भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सर्मथन अनुमोदन तथा फरफारक गर्ने निर्णय पारित गरियो ।

### <u>४. योजना अनुगमन सम्बन्धी निर्णय :</u>

चालु आ.व.मा संचालन हुने याजना तथा कार्यक्रममा भएको खर्च प्रकृयालाई व्यवस्थित एवं उपलब्धीमुलक बनाउन योजनाको नियमित अनुगमनमा जोड दिइनेछ । जसमा आ आफ्नो वडाहरुमा संचालन हुने योजनाको अनुगमन सम्बन्धित वडा समितिका पदाधिकारीहरु र वडा सचिवले गर्ने, समग्र गाउँपालिका भरीका योजनाको अनुगमन गाउँपालिकाबाट अध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरुबाट गर्ने निर्णय पारित गरियो । साथै अनुगमन पश्चात टोलीमा खटिने व्यक्तिहरुले अनुगमन प्रतिबेदन अनिवार्य पेश गर्ने निर्णय समेत पारित गरियो ।

### ५. बर्थिङ सेन्टर संचालन सम्बन्धी निर्णय

यस गाउँपालिकाको स्वास्थ्य चौकी झिम्पे र स्वास्थ्य चौकी छायाक्षेत्रमा हाल सम्म बथिंङ सेन्टर संचालन हुन नसकेकोले दुबै स्थानमा बर्थिङ सेन्टर संचालन र झिम्प् स्वास्थ्य चौकीमा सौचालय समेत

निर्माणकालागी गाउँ स्वास्थ्य शाखाबाट प्रस्तावित वर्थिङ सेन्टर संचालन सम्बन्धी कार्यक्रम अनुसार गाउँपालिकाको टेन्डरबाट बचत भएको रकम खर्च हुने गरी रु १२ लाख विनियोजन गर्ने निर्णय पारित गरियो । जस मध्य प्रसुती केन्द्र व्यवस्थापन, सामाग्री खरिद तथा जनशक्ति व्यवस्थापन कार्य गरिनेछ । साथै प्रसुति केन्द्र स्थापनाका लागी २ जना अ.न.मी र २ जना का.स. समेत भर्ना प्रकृया अगाडी बढाइनेछ ।

**<u>६. करार कर्मचारीको म्याद थप सम्बन्धी निर्णयहरु :</u>**

१) नेपाल सरकार कृषि मन्त्रालय द्धारा संचालित एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तरगत यस गाउँपालिकामा कार्यरत कृषि ना.प्रा.स. श्री गणेश भण्डारी र श्री विमला घर्ति मगरको आगामी आसार मसान्त सम्म करार अवधी  थप गर्ने निर्णय पारित गरियो ।

३) यस गाउँपालिका अन्तरगत मिति २०७४।०५।१५ को निर्णय अनुसार करार सम्झौता भई कामकाज गर्दै आएका कर्मचारीहरु कार्यालय (सहयोगीहरु) श्री सुनिता कुमारी सुनार घर्ति, श्री भुवनेश्वरी रावल के.सी.,रमेश वि.क., विर बहादुर बोहरा, यादव ओली, गणेश खत्रीको करार अवधी आगामी असार मसान्त सम्म थप गर्ने निर्णय पारित गरियो ।

४) यस गाउँपालिका अन्तरगत मिति २०७४।०७।२६ को निर्णय अनुसार करार सम्झौता भइ कामकाज गर्दै आएका इन्जिनियर श्री ज्यास्मिन राई र सव इन्जिनियर श्री सन्दिप शर्मालाई गाउँपालिका बाट त.भ.पाउने गरी करार अवधी आगामी असार मसान्त सम्म थप गर्ने निर्णय पारित गरियो ।

५.यस गाउँपालिका अन्तरगत विभिन्न विषयगत कार्यालय बाट खटिआइ कामकाज गर्दै आएका अ.न.मी.श्री जानकी कुमारी गौतम, अ.न.मी.श्री निर्मला गिरी, अ.न.मी.श्री दीपा कुमारी डाँगी का.स.श्री बेलधर सार्की, का.स. श्री डण्ड बहादुर दमाई, का.स. श्री कृष्ण बहादुर रेउलेलाई कार्यपालिकाबाट निर्धारण भए बमोजिम सम्बन्धीत सर्सत अनुदान शिर्षकबाट सेवा सुविधा पाउने गरी आगामी आसार मसान्त सम्म म्याद थप गर्ने निर्णय पारित गरियो ।

**<u>*७.मेशिन चालकको त*लव सुविधा पुनरावलोकन सम्बन्धी निर्णय :</u>**

गाउँपालिका अन्तरगत संचालित मेशिनका चालकको तलव सन्दर्भमा व्यापक छलफल गर्दा अव उप्रान्त चैत्र महिना देखि लागु हुने गरी व्याकहो लोडर चालकको मासिक तवब रु १०,००० र भत्ता प्रति घण्टा

रु १५० तथा स्काभेटर चालकको मासिक तलव स्केल रु १४,००० र भत्ता प्रति घण्टा रु २०० कायम गरी लागु गर्ने निर्णय पारित गरियो ।

**८.मेशिन संचालक समिति गठन सम्बन्धी निर्णय :**मेशिनरी औजार संचालन सम्बन्धी कार्यविधि २०७४ अनुसार गाउँपालिकाका विभिन्न योजनाहरुमा संचालन भइरहेका स्काभेटर व्याकहो लोडर र टिप्पर लाई व्यवस्थित गर्न रुपमा संचालन गर्न तपसिल बमोजिमको संचालक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - श्री चुडामणी दसौदी

सदस्य - श्री दल बहादुर सार्की

सदस्य - श्री शुशिला वि.क.

सदस्य - सम्बन्धीत वडा अध्यक्ष

**९. सामाजिक परिचालकलाई स्थानीय तहमा आन्तरिकीकरण सम्बन्धी निर्णय :**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम द्वारा स्थानीय निकायमा सामाजिक परिचालनका माध्यामबाट विकास निर्माणमा सवैको सहभागिता बढाउने उद्देश्यका साथ खटाइएका सामाजिक परिचालकहरुको समायावधि गत पुसमा समाप्त भईसकेको हुदा यस गाउँपालिकामा आगामी दिनमा पनि सामाजिक परिचालनको आवश्यकता र कर्मचारी अभावको अवस्थालाई समेत मध्यनजर गर्दै हाल सम्म कामकाज गर्दै आइरहेका सामाजिक परिचालकहरु श्री कमाला के.सी.,गीता के.सी. गीता अधिकारी लाई आजका मिति देखि लागु हुने गरी मासिक तलब स्केल रु १२,००० मा गाउपालिकामा आसाढ मसान्त सम्मका लागी करार सम्झौता गरी नियुक्ति दिने र सामाजिक परिचालन अभियानलाई निरन्तरता दिन माथि उल्लेखित सेवा सुविधामा गाउँपालिका अन्तरगत कामकाज गर्ने गरी चार जना सामाजिक परिचालक थप गर्ने निर्णय गरियो ।

**१०. मेसिन सुपरभाइजर सम्बन्धी निर्णय :**

यस गाउँपालिकाको मेशिनरी औजार संचालन सम्बन्धी कार्यविधीको मेशिन सुपरभाइजर सम्बन्धी व्यवस्था अनुसार मेशिनको काम सम्बन्धी गतिविधी बारे कार्यालय र संचालक समितिलाई जानकारी गराउन र मेसिनको समग्र संचालन प्रकृयालाई हेरचाह गर्न श्री प्रकाश हमाललाई मेशिन संचालन भएको अवधीमायातायात खर्च तथा अन्य सुविधा वापत दैनिक रु ५०० पाउने गरी विशेष जिम्मेवारी दिने निर्णय पारित गरियो ।

**११. शिक्षा सम्बन्धी निर्णय :**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार शिक्षाको नियमन व्यवस्थापन तथा संचालन सम्बन्धी कार्य स्थानीय सरकारको जिम्मेवारी भित्र पर्ने भएकोले यस गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयको

शैक्षिक अवस्था दरवन्दी मिलान विद्यालय समायोजन लगायत विद्यालय सम्बन्धी विद्यमान समस्याको बिस्तृत छलफलका लागी छिटै कार्यपालिका बैठक बसाउने निर्णय पारित गरियो ।

**१२. अन्य निर्णयहरु :**

एक गाउँ एक प्राविधिक अन्तरगत कृषि तर्फ कार्यरत श्री लोकेन्द के.सी. लोक सेवा आयोग द्वारा स्थायी पदपुर्तिका लागी सिफारिस भइसकेको हुदा कार्यालयमा रिक्त दरवन्दीमा पदपुर्तिका लागी विज्ञापन गर्ने निर्णय पारित गरियो । साथै यस गाउँपालिका अन्तर प्राथमिक स्वास्थ्य केन्द्र लेकपोखरामा कार्यरत का.स. श्री सीता के.सी. ले कार्यालयमा पेश गरेको राजिनामा स्वीकृत भइसकेको हुदा निजको स्थानमा स्वास्थ्य अन्तरगतको शसर्त शिर्षकबाट त.भ. पाउने गरी विज्ञापन गर्ने निर्णय पारित गरियो ।

## <u>२०७४ चैत्र १३ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :</u>

**निर्णय नं १**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालबाट प्राप्त मिति २०७४।११।२० को च.नं. ४७ को पत्रअनुसार उक्त महासंघको सदस्यता प्राप्तीका लागी यस गाउँपालिकाबाट सदस्यता बापत रु २०,०००। र महाधिवेशन प्रवेश शुल्कवापत रु ५०००। गरी जम्मा रु २५,००० गाउँपालिका राष्ट्रिय महासंघ नेपाललाई उपलव्ध गराउने रकम कन्टेन्जेन्सीबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. २.**

गाउं शिक्षा शाखा छत्रेश्वरी बाट पेश हुन आएको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि २०७४ को सन्दर्भमा विस्तृत अध्ययन छलफल गरी अर्को बैठकमा पुनः पेश गर्ने निर्णय गरियो । साथै यस गाउंपालिका अन्तर्गतका विद्यालयको शैक्षिक व्यवस्थापनको सन्दर्भमा सम्वन्धित वडा अध्यक्षहरुले वि.व्य.स., शि.अ.संघ, लगायत सम्वन्धित सबै सरोकारवालाहरु संग समन्वय छलफल गरी आफ्नो वडा भित्रका विद्यालयहरुको यथार्थ तथ्यांक तयार गरी आगामी गाउंकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

बागचौर नगरपालिका वडा नं. ५ मा २०७४ चैत्र ३ गते भएको आगलागीबाट क्षति भएको हुंदा पिडीत हरुको लागि सहयोग माग भइ आएको हुंदा आगलागी पिडीतहरुको लागि रु. २१ हजार सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

छत्रेश्वरी गाउँपालिका

आगामी शैक्षिक सत्र २०७५ बाट विद्यालय खोल्न/ तह थप गर्न एवम् कक्षा थप गर्न गाउं कार्यपालिकाको कार्यालय (शिक्षा शाखामा) निवेदन पेश गरेका विद्यालयको सन्दर्भमा नयां विद्यालय खोल्ने अनुमती नदिने साथै तह थप नगर्ने तर कक्षा थपको लागि शिक्षा शाखाबाट स्थलगत अध्ययन गरी गराई कक्षा थपको अनुमती शिक्षा शाखाबाट दिने निर्णय गरियो ।

## २०७५ बैसाख १३ गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

**निर्णयहरु**

**१. विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि सम्बन्धी निर्णय :**

गाउँपालिका स्तरको विद्यालय शिक्षा संचालन तथा व्यवस्थापन गरी गुणस्तर सुधार गर्न तयार गरिएको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को मस्यौदा माथिको व्यापक छलफल गर्दा सर्व सम्मत पारित गरी लागु गर्ने निर्णय गरियो ।

**२. हाल सम्म भुक्तानी भएका योजनाको अनुमोदन तथा फरफारक सम्बन्धी निर्णय :**

यस गाउँपालिकाको गाउँ सभाबाट पारित भएका बिभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा गाउँ कार्यपालिका द्वारा प्राप्त अख्तियारी अनुसार आज मिति २०७५।०१।१३ सम्म कार्यालय द्वारा भुक्तानी भएका योजना तथा कार्यक्रमहरुको खर्च सम्बन्धी प्रतिवेदन बैठकमा पेश भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सर्मथन अनुमोदन तथा फरफारक गर्ने निर्णय पारित गरियो ।

**३. विपत् व्यवस्थापन समिति गठन सम्बन्धी निर्णय :**

गाउँपालिका स्तरमा विपत् पुर्वको अवस्था, विपदको अवस्था र विपद पश्चातको अवस्थामा आइपर्ने बिपदको न्युनिकरण र जोखिम कम गर्ने सम्बन्धी निति बनाउन तपसिल बमोजिमको एक विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय पारित गरियो ।

**तपशिल**

अध्यक्ष श्री सन्तोष के.सी.

सदस्य : श्री सीता के.सी.

सदस्य : प्रेम के.सी. सदस्य : दिला मल्ल

छत्रेश्वरी गाउँपालिका

सदस्य : नन्दा सार्की सदस्य : मित्रलाल सार्की

सदस्यः सुशिला वि.क. सदस्य : लोक बहादुर बुढाथोकी

सदस्य : तिर्थराज दहाल

**४. गाउँ शिक्षा समिति सदस्य छनौट सम्बन्धी निर्णय :**

विद्यालय शिक्षा संचालन सम्बन्धी कार्यविधि २०७५ बमोजिम गाउँ शिक्षा समिति गठनका लागी गाउँ कार्यपालिकाबाट श्री लक्ष्मी सुनार, श्री मेघराज भण्डारी, श्री राज बहादुर बुढाथोकी र श्री टिगे कामी लाई छनौट गर्ने निर्णय पारित गरियो ।

**५. एम्बुलेन्स खरिद सम्बन्धी निर्णय**

गाउँपालिका द्धारा ठक्कामा बचत भएको रकमबाट गाउँपालिकाबाट संचालन हुने गरी नागरिकलाई तत्कालिक स्वास्थ्य प्रत्याभुत गर्नका लागी एक एम्बुलेन्स खरिद गर्न रु १२ लाख रकम विनियोजन गर्ने निर्णय पारित गरियो ।

६. साविक जिल्ला विकास समिति अन्तरगत खरिदार पदमा रहि अविछिन्न कामकाज गर्दै आएका श्री बुद्धि प्रकाश हमाल लाई जि.स.स.को मिति को पत्र अनुसार यस गाउँपालिका अन्तरगत दायित्व समेत हुने गरी कामकाज गर्न पठाएको हुनले निजलाई आगामी असाढ महिना सम्म करार गरी साविकको सेवा सुविधा पाउने गरी राख्ने निर्णय पारित गरियो ।

७. यस गाउँपालिकामा अति जटिल रोगबाट पिडित विपन्न वर्गको नागरिकलाई निजको जटिलता हेरी रु ५,००० देखि रु १०,००० सम्म गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय पारित गरियो ।

## <u>२०७५ जेठ २० गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :</u>

**निर्णयहरु :**

**नमुना कानुनको मस्यौदा पारित सम्बन्धी निर्णय :**

छत्रेश्वरी गाउँपालिका

नेपाल सरकारबाट स्थानीय तह संचालनका लागी नमुना कानुनका रुपमा यस गा.पा.मा प्राप्त भएका तपशिलका कानुनहरुलाई सामान्य संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

- राजपत्र सम्बन्धी
- न्यायिक समिति सम्वन्धी कार्यविधी
- प्रशासकीय कार्यविधी नियमित गर्ने कार्यविधी

**स्थानिय राजपत्र प्रकाशन सम्बन्धी निर्णय :**

यस गाउँपालिकाको गाउँ सभा तथा गाउँ कार्यपालिकाको निर्णयबाट हाल सम्म स्थानीय कानुनका रुपमा पारित भएका सबै ऐन नियमावली कार्यविधी लाई कानुनी बैधानिकता दिनका लागी छत्रेश्वरी गाउँपालिकाकको स्थानीय राजपत्र प्रकाशन गर्ने निर्णय पारित गरियो ।

**स्वास्थ्य तर्फका कर्मचारीको अपुग त.भ.सम्बन्धी निर्णय :**

आ.व. २०७४।७५ को यस गाउँपालिकामा प्राप्त शशर्त बजेट अन्तरगत स्वास्थ्य तर्फका कर्मचारीको महंगी भत्ता शिर्शक नं २११११३ स्थानीय भत्ता शिर्शक नं २१११२ पोशाक भत्ता शिर्शक न. र अन्य भत्ता शिर्शक नं मा रकम अपुग भएको सम्बन्धमा गाउँपालिकाबाट स्वास्थ्य मन्त्रालयमा माग गर्दा अर्थ मन्त्रालयको मिति २०७४।१२।२६ को च नं.१७०९ को पत्र अनुसार सम्बन्धी स्थानीय तहको समानिकरण अनुदानबाटै व्यवस्थापन गर्न भनि लेखी आएकोले गाउँपालिकाको चालु खर्च शिर्शक अन्तरगत रहेको रकम मध्ये महंगी भत्ता रु १०००००। स्थानीय भत्ता रु ४,७३,०००। पोशाक भत्ता रु ३७,५०० र अन्य भत्ता रु ७१,०००। र फिल्ड भत्ता रु ५०,०००। समानिकरण बजेटबाट शर्शत बजेट तर्फ रकमान्तर गरी कर्मचारीको फाल्गुन देखी आसाढ सम्मको पारिश्रमिकता रकम भुत्तानी गर्ने निर्णय पारित गरियो ।

**स्थानिय विपद व्यवस्थापन समिति गठन सम्बन्धी निर्णय :**

यस गाउँ कार्यपालिका द्धारा पारित विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा ३ अनुसार यस गाउँपालिका अन्तरगत तपशिल बमोजिमको विपद ब्यावस्थापन समिति गठन गर्ने निर्णय पारित गरियो ।

संयोजक : श्री संतोष के.सी. ( गा.पा. अध्यक्ष)

सदस्य : श्री सिता के.सी .( गा.पा. उपाध्यक्ष)

सदस्य : श्री डिल्ली खड्का ( प्र.प. अ.)

सदस्य  श्री प्रेम के.सी.

सदस्य :    श्री दिला मल्ल

सदस्यः  श्री नन्दा सार्की

सदस्यः  श्री सुशीला वि.क.

सदस्य : श्री तिर्थराज दहाल

सदस्यः  श्री मित्रलाल सार्की

सदस्यः  श्री लोक बहादुर बुढाथोकी

सदस्यः  प्रतिनिधी जिल्ला प्रशासन कार्यालय

सदस्यः  श्री अम्वर कुमार शर्मा  (सामाजिक विकास शाखा )

सदस्यः  श्री ज्यस्मिन राई ( पुर्वाधार विकास शाखा )

सदस्यः  प्रतिनिधि प्रहरी चौकी लान्ती

सदस्यः  प्रतिनिधी नेपाल रेडक्रस सोसाइटी

सदस्यः  प्रतिनिधी नेपाल पत्रकार महासंघ

सदस्य सचिव : श्री खेमराज बुढाथोकी ( विपद हेर्ने शाखा )

**पुर्ण खोपयुक्त गाउँपालिका घोषणा सम्बन्धी निर्णय :**

यस गाउँपालिका अन्तरगत एक बर्ष मुनिका बालबालिकाहरुलाई दिनुपर्ने सवै प्रकारका खोपहरु लगाइसकेको तथ्यांक अनुसार अनुगमन गर्दा सो अनुसारको प्रतिवेदन आएको हुदा यस गाउँपालिका लाई नै पुर्ण खोपयुक्त बनाउन लेकपोखरा, झिम्पे र छायाक्षेत्र स्वास्थ्य चौकीमा क्रमश घोषणा कार्यक्रम गर्ने निर्णय पारित गरियो ।

**गाउँपालिकाको मेशिन द्धारा संचालित योजनाको आन्तरिक आम्दानी प्राप्ति सम्बन्धी निर्णय :**

हाल सम्म गाउँपालिकाको स्काभेटर व्याकहोलोडर द्धारा निर्माण कार्य सम्पन्न भएका योजनाहरुको अन्तिम भुक्तानीका लागी कुनै उपभोक्ता समिति कार्यालयमा नआएको कारण कार्यालयको आन्तरिक आम्दानी प्राप्तीमा समस्या हुने देखिएकोले जेष्ठ ३०  गते सम्ममा भुक्तानी लिन नआएमा जेष्ठ ३१ गते पछि स्वतः तपसिलका योजनाको प्राविधिक नाप जाँच तथा मुल्यांकन र मेशिनको प्रति योजनामा गरेको

कार्य घण्टाको आधारमा कार्यालय द्धारा नै रकम भुक्तानी लेखी आन्तरिक तर्फ आम्दानी जनाउने निर्णय पारित गरियो ।

**वडा नं १**

श्री भानुभक्त मावि दमाचौर फिल्ड निर्माण रु २,००,०००।

ठुला खोला चार खेल्ने टाकुरा दुवेटी चौर सडक निर्माण रु ८५,०००।

जनज्योती आधारभुत विद्यालय फिल्ड निर्माण रु १,७०,८००।

ठुलाखोला पटारे काभ्रेचौर सडक निर्माण रु ८५,०००।

आत्मेश्वर शिव मन्दिर न्याय खर्क सडक रु ९३,६००।

**वडा नं २**

साउनेपानी पाथी हाल्न सडक निर्माण रु ३,५०,०००।

गोटीखोला रामचाने सडक निर्माण रु २,७३,०००।

भगवती आधारभुत विद्यालय फिल्ड निर्माण रु १,१२,४००।

बुराँसे सामुदायिक भवन हुदै खिमौली सडक रु १८०००

दहखोला बुराँसे सडक निर्माण रु १,६०,०००।

भैसेखोखा डिग्रे वायुखोखा सडक रु ८८,२००।

साउनेपानी सोरडाँडा सडक निर्माण रु १,४४,०००।

**वडा नं ६**

साँगाड गर्चे सडक निर्माण रु ४,५२,०००।

लान्ती राणागाउँ सीम्पानी सडक रु ५,४०,०००।

नमुना एकिकृत कृषि फर्म सडक निर्माण रु १५,०००।

**आगामी आ.व.को योजना तर्जुमा तथा प्राथमिकरण सम्बन्धी निर्णय :**

यस गाउँपालिकामा आगामी आव २०७५।७६ का लागी संघिय सरकारबाट अनुमानित समानिकरण अनुदान रु ८,३३,०२,००० शर्शत अनुदान रु १२,४७,००,००० र राजश्व बाडँफाँडको रकम रु

६,२०,७१,००० प्राप्त हुने अख्तियारी आएको हुदा सोही अनुसार क्षेत्रगत सिमा निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले प्रत्येक वडाहरु मार्फत बस्ती स्तरका योजना संकलन तथा प्राथमिकरण गरी योजना तर्जुमा समितिमा पेश गर्ने मार्ग निर्देश गर्ने निर्णय पारित गरियो ।

**शिक्षक दबन्दी व्यवस्थापन सम्बन्धी निर्णय :**

गाउँपालिका अन्तरगत धेरै विद्यालयमा घेरबार फिल्ड फर्निचर लगायतका भौतिक पुर्वाधार र तहगत एवं विषयगत शिक्षकको अभाव टट्कारो समस्याको रुपमा देखिएकोले आगामी आ.व.मा गाउँपालिकामा उपलब्ध स्रोत साधनले क्रमश सम्बोधन गर्दै जनुपर्ने भएको हुदा प्रत्येक वडाहरुबाट विद्यालयहरुमा समग्र शिक्षाको व्यवस्थापन गर्न भौतिक पुर्वाधार तथा तहगत शिक्षक दरबन्दी आवश्यकताको विश्लेषण गरी विषयगत रुपमा कति शिक्षक आवश्यक पर्ने भन्ने सम्बन्धमा व्यापक छलफल गरी जेष्ठ २७ सम्ममा गाउँपालिकामा पेश गर्ने निर्णय पारित गरियो ।

**स्थानीय बजार व्यवस्थापन सम्बन्धी निर्णय :**

गाउँपालिका भित्रका सबै स्थानीय बजार सुन्दर स्वच्छ व्यवस्थित वजारको परिकल्पना अनुसार विकास गर्न नियमित सरसफाई फराकिलो सडक व्यवस्थित घर टहराको निर्माण जस्ता कार्यका भवन निर्माण तथा बस्ती विकास सम्बन्धी मापदण्ड अनुसार गर्न गराउनका प्रोत्साहन गर्ने निर्णय पारित गरियो । मापदण्ड विपरित सडकको दाँया बायाँ बनेका अस्थायी घर टहरा उठाउन प्रत्येक वडा कार्यालय मार्फत सार्वजनिक सुचना प्रवाह गराउने निर्णय पारित गरियो ।

## २०७५ जेठ ३० गते बसेको छत्रेश्वरी गाउँकार्यपालिका बैठकका निर्णयहरु :

### निर्णयहरु

**निर्णय नं १.**

यस गाउँपालिकाका भित्रका सबै विद्यालयको उचित व्यवस्थापन तथा व्यापक शैक्षिक सुधार गरी गुणस्तरिय शिक्षा कायम गर्न ४० वटै विद्यालयका प्र.अ.को बैठक र शिक्षा समितिको बैठकले समेत गरेको सिफारीसका अधारमा तपसिलका विद्यालयहरुको तह कम तथा मर्जर गरी उचित व्यवस्थापन गर्ने र अन्य विद्यालयको साविकको तह बमोजिम व्यवस्थपन गरिने निर्णय पारित गरियो ।

- श्री जनकल्याण आ.वि. सिन्दुरे वडा नं १ कक्षा १-५ बाट १-३ कायम गर्ने
- श्री जनज्योति आ.वि. काल्चे वडा नं १ कक्षा १-८ बाट १-५ कायम गर्ने
- श्री दलित नमुना आ.वि. सिद्धटाकुरी वडा नं २ कक्षा १-४ बाट १-३ कायम गर्ने
- श्री बसन्त आ.वि. साउनेपानी वडा नं २ कक्षा १-५ बाट १-३ कायम गर्ने

छत्रेश्वरी गाउँपालिका

- श्री सरस्वती आ.वि. खापुकाँडा वडा नं २ कक्षा १-५ बाट १-३ कायम गर्ने
- श्री गोरखनाथ आ.वि. सानानचौर वडा नं ३ कक्षा १-५ बाट १-३ कायम गर्ने
- श्री खड्गदेवी आ.वि. कोटपनेरा वडा नं ३ कक्षा १-५ बाट १-३ कायम गर्ने
- श्री भुवनेश्वरी आ.वि. नुवागाँउ वडा नं ३ कक्षा १-३ बाट कक्षा १ सम्म कायम गर्ने ।
- श्री जनप्रेम आ.वि.खर्सुवास वडा नं ४ कक्षा १-८ बाट १-५ कायम गर्ने ।
- श्री बसन्त आ.वि.सारेखोली वडा नं ४ कक्षा १-५ बाट कक्षा १-३ कायम गर्ने ।
- श्री लोकतान्त्रिक आ.वि. सल्लेरी वडा नं ४ कक्षा १-३ बाट कक्षा १ सम्म कायम गर्ने ।
- श्री जनकल्याण आ.वि.चाख्ले वडा नं ४ कक्षा १-३ बाट कक्षा १सम्म कायम गर्ने ।
- श्री शारदा आ.वि. बाहुनगाउँ वडा नं ७कक्षा १-५ बाट कक्षा १-३ कायम गर्ने ।
- श्री नवदुर्गा आ.वि.जिताठान र श्री मदरसा इस्लामिक प्रा.वि. जिताठान लाई एक आपसमा मर्जर गरी १-५ संचालन गर्ने ।

**निर्णय नं २**

गाउँपालिका भित्र विभिन्न ठाउँमा रहेका पानीका मुहानको सवै पक्षले संरक्षण सम्बर्द्धन गर्ने खानेपानीको सहज आपुर्ति व्यवस्था गर्न स्थानीयवासीको पहिलो प्राथमिकता मध्यनजर गर्दै वरपरका बस्तीमा आपुर्ती उपयोग गर्न कहि कसैले बाधा अबरोध सिजर्ना नगर्ने निणर्य पारित गरियो ।

**निर्णय नं ३**

गाउँपालिका द्धारा तपसिलका योजनाहरुको विनियोजित रकम अनुसार काम सम्पन्न भई भुक्तानी समेत भईसकेको प्रतिबेदन पेश हुन आएकोले स्थानीय सरकार संचलन ऐन २०७४ को दफा ७६(३) बमोजिम पेश हुन आएकोले यस बैठक द्धारा अनुमोदन तथा फरफारक गर्ने निर्णय पारित गरियो ।

- गोदे चौचारा निर्माण रु २०,०००
- दैवि प्रकोप राहत खर्च रु ४०,०००
- कृष्ण मा.वि. पोखरी डाँडा पुस्तकालय निर्माण रु २ लाख
- प्रसुती केन्द्र व्यवस्थापन खर्च ढुवानी तथा मेडिकल सामाग्री खरिद रु ४,६४,०१८।-
- त्रि.ज.मा.वि. लेकपोखरा फिल्ड निर्माण १,८४,६६०।-
- लान्ती-लेखपोखरा सडक निर्माण रु ७,८५,७९५।-

## २०७५ असार ४ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु :

**बैठकका निर्णयहरु :**

१) राजश्व परामर्श समितिको प्रतिबेदन माथी व्यापक छलफल गर्दा गाउँपालिकाको आन्तरिक राजश्वका दर तथा दायरालाई क्रमश: विस्तार गर्दै आन्तरिक आम्दानी बृद्धि गर्न सकिने गरी तयार पारिएको राजश्व सम्बन्धी प्रतिबेदनलाई संसोधन सहित पारित गर्ने । जस अनुसार आगामी बजेट तथा कार्यक्रममा आन्तरिक राजश्वको योगदान रु ७५ लाख निर्धारण गर्ने।

२) आगामी आ.व. २०७५।७६ मा गाउँपालिकाको जम्मा आम्दानी सम्बन्धी विवरण तपसिल बमोजिम रहने अनुमान गरियो ।

- गाउपालिकाको आन्तरिक आम्दानी : रु ७५,००,०००।-
- संघ बाट प्राप्तवित्तिय समानीकरण अनुदान : रु ८,३५,००,०००।-
- संघबाट प्राप्त ससर्त अनुदान : रु १२,४७,००,०००।-
- प्रदेशबाट प्राप्त समानिकरण अनुदान : रु ४९,८३,०००।
- राजश्व बाँडफाँड बापतप्राप्तहुने रकम: : रु ६,२०,७१,०००।-
- गा.पा.को संचित कोषमा बचत रकम रु
  जम्मा

३.कुल बजेट मध्ये प्रशासनिक संचालन लगायत चालु तर्फ रु ६,२०,७१,०००।- शर्शत निर्धारित कार्यक्रम अनुसार खर्च हुने गरी रु १२,४७,००,०००।- र बाँकी रु ९,५९,८३,०००।- रकम तपसिल बमोजिम गाउँपालिकाका विशेष प्राथमिकताका योजना र वडाहरु बाट छनौट भई आएका योजनाहरुमा विनियोजन गर्ने ।

- गाउँपालिकाका विशेष प्राथमिकताका योजनातर्फ रु
- वडाबाट छनौट भई आएका योजनातर्फ रु

४.गाउँपालिकाका तपसिलका योजनामा विशेष प्राथमिकताका साथ बजेट विनियोजन गरिने निर्णय पारित गरियो ।

- 

५.गाउँपालिका द्धारा तपसिलका योजनाहरुको विनियोजित रकम अनुसार काम सम्पन्न भई भुक्तानी समेत भईसकेको विवरण स्थानीय सरकार संचलन ऐन २०७४ को दफा७६(३) बमोजिम पेश हुन आएकोले यस बैठक द्धारा अनुमोदन तथा फरफारक गर्ने निर्णय पारित गरियो ।

छत्रेश्वरी गाउँपालिका

१) जयचौर खर्सुवास सडक निर्माण ४,५८,४५०।-

२) पोखरीडाँडा-ठुलिखर्क सडक निर्माण ४,८६,८४६।-

३) सी.सी. क्यामरा, ई-हाजिरी जानकीमा.वि.दोहली ३,९१,१९१।-

४) पशुतर्फऔषधीखरिद १,६०,०००।-

५) दारेखोलीखानेपानीकुवानिर्माण ९४,०००।-

६) साउनेपानीखानेपानीनिर्माण २,८२,०००।-

७) दैवीप्रकोप राहतकोष वितरण १०,०००।-

८) साउनेपानी सोरडोटा सडक निर्माण १,५२,७६५।-

९) शंखमुलप्रतिक्षालयनिर्माण १,४१,०००।-

१०) सुनपोखरी हारिचार खा.पा. १,८८,०००।-

११) वुरासे-सामुदायिकभवन-खिमौली सडक निमार्ण १,८७,९२०।- (२ नं. वडा)

१२) कृषिप्रर्वदनात्मककार्यक्रम २,००,०००।- (२ नं. वडा)

१३) गौरीगाँउ पनेरा ट्याङ्कीनिर्माण ४७,०००।- (१ नं. वडा)

१४) कन्टेजेन्सी खर्च २,१२,१००।-

१५) भगवतीआ.वि. फिल्ड निर्माण १,७८,४०४।-

१६) टिलोहाले खर्सुवास सडक निर्माण ३,७६,०००।- (४ नं. वडा)

१७) विभिन्नदिवस तथा समारोह ३५,३२५।- (५ नं. वडा)

१८) गोठीखोलापाथीहाले रामचाने सडक निर्माण ३,००,७४८।- (२ नं. वडा)

**<u>२०७५ असार १० गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु</u> :निर्णयहरु**
**:**

१. यस भन्दा अघिको कार्यपालिका बैठकबाट निधारण गरिएको अनुमानित बजेट सिमा अनुसार प्रत्येक वडाबाट रु ५० लाखका दरले छनौट भई आएका योजना तथा कार्यक्रमहरु आगामी बजेट तथा कार्यक्रमका लागी पारित गर्ने ।

छत्रेश्वरी गाउँपालिका

२. हाल सम्म गाउँपालिकाको विभिन्न दस्तुर तथा निर्माण कार्यबाट हुन गएको आन्तरिक आम्दानी मध्यको रकमलाई तपसिल बमोजिम विनियोजन गर्ने

- गा.पा.का बिभिन्न स्थानमा तार जाली खरिद तथा तटबन्ध निर्माण रु ५,००,०००।
- वडा नं २ तार जाली खरिद तथा तटबन्ध निर्माण रु ४,००,०००।
- गापा भबन मर्मत रु २,००,०००।
- खगेन्द्र प्रा.वि.मा निमा योगीले दुइ महिना शिक्षण बापत पारिश्रमिक रु १०,०००।
- सामुदायिक स्वास्थ्य इकाई पानीखोलामा दुइ महिनाको सुरेन्द्र बहादुर बस्नेतले काम गरे बापत पारिश्रमिक रु २०,०००।
- छत्रेश्वरी मन्दिरमा शिबरात्री भण्डारा संचालन खर्चको भुक्तानी रु ९०,०००।

**२०७५ असार १३ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णयहरु :**

१. यस गाउँपालिकाको आ. व. २०७५।७६ को बार्षिक बजेट तथा कार्यक्रमको प्रतावित योजनाहरु स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय पारित गरियो ।

२. यस गाउपालिकाको बार्षिक निति तथा कार्यक्रम को प्रस्ताव स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय पारित गरियो ।

३. यस गाउँपालिकाको करका दर तथा दायरा सम्बन्धी आर्थिक विधेयकको प्रस्ताव स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय पारित गरियो ।

४. यस गाउँपालिकाको बजेट खर्च सम्बन्धी विनियोजन विधेयकको प्रस्ताव स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय पारित गरियो ।

**२०७५ श्रवण ४ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णयहरु :**

**१.स्थानीय दररेट निर्धारण सम्बन्धी निर्णय :**

छत्रेश्वरी गाउँपालिका

यस आ.व. २०७५।७६ का लागी गाउँपालिका भित्र हुने निर्माण तथा आपुर्ति लगायतका सामाग्रीको दररेट जिल्ला दररेट समितिबाट निर्णय भए अनुसारको दररेटलाई अनुमोदन गरी श्रावण १ देखि नै लागु गर्ने निर्णय गरियो ।

**२. करार कर्मचारीको म्याद थप सम्बन्धी निर्णय :**

- साविक स्थानीय निकाय अन्तरगत अस्थायी करार नियुक्ति भई कामकाज गर्दै आएका कर्मचारीहरु स.ले.प. श्री राम बहादुर चन्द, स.ले.प. श्री डिल्ली बहादुर वली, कार्यालय सहायक श्री हेमा यरी, का.स. श्री पुर्ण बहादुर चन्द, का.स. श्री भद्रवीर खत्री र का.स.श्री तारा प्रसाद वलीको आगामी असाढ मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- यस कार्यालयबाट नियुक्त भई कामकाज गर्दै आएका **इन्जिनियर श्री ज्यास्मिन राई**,**सव इन्जिनियर श्री सन्दिप शर्मा**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- यस कार्यालयबाट नियुक्त भई कामकाज गर्दै आएका का.स. **श्री सीता बुढाथोकी**, का.स. **श्री टिका के.सी**.का.स. **श्री निर्मला विष्ट**, का.स. **श्री कमला के.सी**. का.स. **श्री सुरेश वि.क**.,का. स. **श्री सुनिता सुनार घर्ति**, का.स. **श्री भवनेश्वरी रावल के.सी**. का.स. **श्री रमेश वि.क**., का.स. **श्री वीरबहादुर वोहरा** का.स. **श्री यादव वली** का.स. **श्री गणेश खत्री**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।
- यस गाउँपालिकाबाट नियुक्त भई कामकाज गर्दै आई रहेका लाईवेरीयन शिक्षिका **श्री विमला कुमारी खत्री**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम अन्तरगत कार्यरत ना.प्रा.स. **श्री गणेश भण्डारी** र ना.प्रा.स. **श्री विमला घर्तिमगर**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- विषयगत कार्यालय अन्तरगत कामकाज गर्दै आएका अ.हे.ब.**श्री दिलिप बोहरा** अ.न.मी**श्री जानकी कुमारी गौतम,** अ.न.मी.श्री **दिपा कुमारी डाँगी**, अ.न.मी.**श्री निर्मला गीरी** र अ.न.मी. **श्री प्रमिला के.सी.**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

छत्रेश्वरी गाउँपालिका

- विषयगत कार्यालय अन्तरगत कामकाज गर्दै आएका का.स. **श्री बेलधर सार्की**, का.स. **श्री डण्ड बहादुर दमाई** र का.स. **श्री कृष्ण बहादुर रेउले**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- यस कार्यालयमा कार्यरत सुचना प्रविधी अधिकृत **श्री सालिकराम पौडेल** र खरिदार **श्री बुद्धि प्रकाश हमाल**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- यस कार्यालयका हेभ्वी मेशिनरी औजार चालक **श्री प्रेम बहादुर विष्ट** चालक श्री **चित्र बहादुर खत्री**, चालक श्री **गोपाल विष्ट**, सहचालक **श्री तिलक शर्मा** र सहचालक **श्री शिव सुन्दर खड्का**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

- स्वास्थ्य सेवा विभागको मिति २०७५।०३।२५ को च.नं. ४१०८ को प्राप्त पत्र अनुसार क्षेत्रिय स्वाथ्य निर्देशनालय अन्तरगतबाट करार सेवामा खटाइएका कर्मचारीको सेवा सुविधा सम्बन्धी बजेट स्थानीय तहमा हस्ताणतरण भई आएकोले क्षत्रिय करारमा स्वास्थ्य चौकी भिम्पेमा कार्यरत अ.न.मी. **श्री पवित्रा डि.सी.**को हाल सम्मको कामकाज सन्तोषजनक देखिएकोले आगामी पुष मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

**३. शिक्षक व्यवस्थापन तथा पदपुर्ति सम्बन्धी निर्णय :**

- यस गाउँ सभाको मिति २०७५।०४।१८ को निर्णय अनुसार गाउँपालिका भरीका विभिन्न विद्यालयमा आवश्यकताको आधारमा पद पुर्ति गर्ने गरी हाललाई समग्र गाउँपालिकामा जम्मा वालविकास दरबन्दी ९ प्रा.वि.दरबन्दी १५ नि.मा.वि. दरवन्दी. १०, मा.वि. दरबन्दी १० र कम्प्यटर दरबन्दी ११स्वीकृत गरी गाउँपालिका द्वारा खुल्ला प्रतिस्पर्धाका आधार विज्ञापन गर्ने निर्णय गरियो ।
- गाउँपालिकाको श्रोतबाट तलव सुविधा बेर्होने गरी पद पुर्ति गरिने माथि उल्लेखित शिक्षकको तलव स्केल पुर्व प्रा.वि.को रु १०,०००। प्रा.वि.तह रु १३,०००। नि.मा.वि.तह रु १५,०००। र मा.वि. तह रु २०,०००। र कम्प्युटर शिक्षकको तलव स्केल रु १५,०००। कायम गर्ने निर्णय गरियो ।

**४.प्राविधिक कर्मचारीको पदपुर्ति सम्बन्धी निर्णय :**

यस गाउँपालिकाको कर्मचारी दरबन्दी सम्बन्धमा मन्त्री परिषदबाट स्वीकृत दरबन्दी तेरिज अनुसार प्रत्येक वडामा एक एक जना प्राविधिक कर्मचारीको दरबन्दी रहेको र प्राविधिक कर्मचारी अभावले कामकाजमा अप्ठ्यारो परेकोले कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धी अर्को व्यवस्था नभए सम्मका लागी ८ जना सिभिल सव इन्जिनियर करारमा भर्ना गर्नका लागी विज्ञापन गर्ने निर्णय गरियो ।

५. **बैंक खाता संचालन सम्बन्धी निर्णय :**

यस गाउँपालिकाको मुल संचित कोष, चालु खर्च खाता, पुँजिगत खर्च खाता, धरौटी खाता, विविध खर्च खाता लगायतका स्थानीय सरकारका खाताहरु साविकमा नेपाल बैंक लिमिटेड सल्यान शाखाबाट संचालन हुदै आएकोमा नेपाल सरकारको प्रत्येक स्थानीय तहमा एक एक वटा वाणिज्य बैंक संचालन गर्ने अवधारणा अनुसार यस गाउँपालिकाको वडा नं ६ लान्तीमा नेपाल सरकार द्धारा क वर्गको मान्यता प्राप्त नेपाल इन्भेस्टमेन्ट बैकको शाखा स्थापना भई सकेकोले अब उप्रान्त यस गाउँपालिकाको सबै खाताहरु प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली खड्काको अनिवार्य दस्तखत र लेखापाल श्री बसन्त न्यौपाने तथा सह लेखापाल श्री गोपाल ओलीको ऐच्छिक दस्तखतबाट सयुक्त संचालन हुने गरी नेपाल इन्भेष्टमेन्ट बैक शाखा कार्यालय लान्तीमा खाता खोली आर्थिक कारोवारो गर्ने निर्णय पारित गरियो ।

६.यस गाउँपालिका अन्तरगत पर्ने शारदा खोला तथा आसपासको क्षेत्रमा वालुवा गीट्टी तथा अन्य नदि जन्य पदार्थको उत्खनन लाई व्यवस्थित गर्न गाउँपालिका द्धारा टेन्डर आवहान गरिने हुदा हाल भएको अव्यवस्थित उत्खनन् रोक्ने सार्वजनिक सुचना जारी गर्ने निर्णय गरियो ।

७. यस गाउँपालिका अन्तरगत कामकाज गर्दै आएका सामाजिक परिचालकहरु श्री कमला के.सी., गीता के.सी. र गीता अधिकारीलाई यस गाउ कार्यपालिकाको मिति २०७४।१२।०६ को निर्णय अनुसार आन्तरिकीकरण भइ सकेकोले आगामी पुस मसान्त सम्मकालागी करार अवधी थप गर्ने निर्णय गरियो ।

## मिति २०७५।०५।०६ गते बुधवार बसेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

**१.कार्यालयको आन्तरिक लेखापरिक्षण सम्बन्धी निर्णयः**

यस गाउँपालिकाको आर्थिक कारोवारको आन्तरिक लेखापरिक्षण गर्नका लागी गाउँ कार्यपालिकाको कार्यालयमा आन्तरिक लेखा परिक्षण इकाई रहने जसको जिम्मेवारी गाउँपालिकाको अन्य काम काजमा समेत खटाउन बाधा नपर्ने गरी अर्को व्यवस्था नभए सम्मका लागी स.ले.पा. श्री दुर्गा बहादुर के.सी.लाई दिने निर्णय पारित गरियो ।

छत्रेश्वरी गाउँपालिका

**२.वालुवागिट्टीको टेन्डर सम्बन्धी निर्णय :**

यस गाउँपालिकाको शारदा खोला तथा आसपासको क्षेत्रमा वालुवा गिट्टी रोडा आदि उन्खनन् तथा निकासी गर्ने सम्बन्धमा प्रारभिक वातावरणीय परिक्षण प्रतिवदेन अनुसार कार्यालय द्धारा बार्षिक न्युनतम मुल्यांकन रु ७ लाख को सिलबन्दी दरभाउपत्र आवहान गर्ने निर्णय पारित गरियो ।

**३.स्वच्छता कार्यक्रम सँग साझेदारीमाकामगर्ने सम्बन्धी निर्णय :**

प्रसुती केन्द्र संचालन भएका स्वास्थ्य संस्थाहरु दमाचौर, छायाक्षेत्र र कोर्वाङ झिम्पे स्वास्थ्य चौकी प्रसुती सेवा प्रवाहका लागी स्वस्थ खानेपानीको आपुर्ती तथा सरसफाईको पर्याप्त व्यवस्थाका लागी गाउँपालिकाले वार्षिक बजेटका ( म्याचिङ फण्ड ) समपुरक कोषको रकमबाट स्वच्छता कार्यक्रम सँग साझेदारीमा काम गर्ने निर्णय गरियो ।

**४.सुचनाप्रविधिअधिकृतको तलबभत्ता सम्बन्धी निर्णय :**

LGCDP को आर्थिक सहयोगमा तलबभत्ता पाउने गरी गाउँपालिका द्धारा नियुक्ति भएका सुचना प्रविधि अधिकृतको खाईपाई आएको तलब भत्ताको २५ प्रतिशत रकम सम्बन्धीत स्थानीय तहबाट भुत्तानी गर्नु भनी उक्त कार्यक्रमबाट लेखी आएकोले सुचना प्रविधि अधिकृत श्री सलिक राम पौडेलको तलब भत्ताको २५ प्रतिशत रकम गाउँपालिकाको मिल्दो शिर्षकबाट भुत्तानी दिने निर्णय गरियो ।

**६. गाउपालिकाको दरबन्दी तेरिज सम्बन्धी निर्णय :**

नेपाल सरकार मत्रिपरिषदको निर्णय अनुसार २५ हजार भन्दा कम जनसंख्या भएका गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिजलाई यस गाउँपालिकाको लागी अन्तरिम दरबन्दी स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**५.करार कर्मचारी सम्बन्धी निर्णय :**

- जिल्लामा महिला विकास कार्यालय अव नरहने भएकाले उक्त कार्यालयबाट प्राप्त पत्रअनुसार एक जना सामाजिक परिचालक श्री कमला शर्मा स्थानान्तरण भई आएको र ससर्त अनुदान अन्तरगत प्रोत्साहन भत्ताको व्यवस्था पनि भएकोले निजलाई ६ महिनाको करार अवधी थप गरी कामकाजमा खटाउने निर्णय गरियो ।
- यस गाउँपालिकामा जिल्ला समन्वय समितिबाट साविकमा कामकाज गर्दै आएका कर्मचारी श्री प्रभा वलीलाई कार्यालयको रिक्तपदमा कर्मचारी समायोजन नभए सम्मका लागी मासिक तलव सुविधा रु १५,०००। पाउने गरी करारमा कामकामज गराउने निर्णय गरियो ।

## २०७५।०६।०५को कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं.** १.गाउँपालिकामा हुने बिभिन्न बैठकहरुमा उपलब्ध गराइने भत्तालाई व्यवस्थित बनाउन बैठक भत्ता सम्बन्धी निर्देशिका २०७५ को मस्यौदा को मस्यौदा पारित गरि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.**२.गाउँपालिकामा विपद जोखिमको न्युनिकरण गर्न र विपदमा परेका व्यक्ति तथा परिवारका लागी उचित राहत द्बारा सम्बोधन गर्न विपद् राहत वितरण सम्बन्धी मापदण्ड २०७५ को मस्यौदा पारित गरि लागु गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ३**. यस गाउँपालिकाबाट निशुल्क वितरण हुने स्वास्थ्य, भेटेनरी तथा आयुर्वेद सम्बन्धी औषधी खरिद कार्यलाई बजार मुल्य अनुसार न्युन लागत तथा प्रतिस्पर्धी बनाई खरिद प्रकृयालाई व्यवस्थापन गर्न कम्तीमा तीन वटा फर्मद्धारा दर रेटको माग तथा विश्लेषणका आधारमा तयार गरिएको दररेट सुचीलाई चालु आवका लागी स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.**४. यस गाउँपालिकामा प्राविधिक कर्मचारी अभावले कामकाजमा अप्ठ्यारो परेकोले नेपाल सरकार र गाउँकार्यपालिकाद्धारा स्वीकृत अन्तरिम दरबन्दी तेरिज अनुसार गाउँकार्यपालिकाको कार्यालयमा भएको इन्जिनियर तथा सव इन्जिनियरको दरबन्दी अनुसारका कर्मचारीहरु,कर्मचारी समायोजन तथाव्यवस्थापन सम्बन्धी अर्को व्यवस्था नभए सम्मका लागी करारमा भर्ना गर्नका लागी विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.**५. गाउँपालिका द्धारा संचालनमा ल्याइएका वडा नं २, ३ र ७ का सामुदायिक स्वास्थ्य इकाईहरुका लागी आवश्यक मेडिकल औजार व्यवस्थापकीय सामाग्री तथा जनशक्ति व्यवस्था गरी संस्थाको क्षमाता विकास गर्ने । जसका लागी प्रत्येक संस्थामा न्युनतम जनशक्ति अ.हे.ब. १ अनमी १ र का.स.१ को व्यवस्था हुनु पर्नेमा हाललाई अपुग देखिएका अ.हे.व. १ जना र अ.न.मी २ जना स्वास्थ्य प्राविधिक कर्मचारीको करार पदपुर्ति का लागी विज्ञापन गर्ने निर्णय गरियो ।

६. लान्ती लेकपोखरा सडक खण्डको लान्ती बजार देखी कैची मोड सम्मको सडक बाटो स्तरोन्नती गर्न प्राविधिक लागत स्टीमेटका आधारमा शारदा नगरपालिका को लगानी साझेदारीमा सम्पन्न गर्न उचित वजेट ब्यवस्था गर्ने निर्णय गरियो ।

८.यस गाँउपालिका अन्तरगत शैक्षिक जनशक्ति व्यवस्थापन का लागी शिक्षक कर्मचारी पदपुर्ती गर्न विज्ञापन आह्वान भएकोमा तपशिलको शिक्षक छनौट समिति गठन गरी छनौट प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

तपशिल

१ श्री डिल्ली खडका-संयोजक -प्रमुख प्रशासकीय अधिकत

२ श्री राज वहादुर वुढाथोकी-सदस्य-वडाध्यक्ष

३ श्री मेघराज भण्डारी-सदस्य-वडाध्यक्ष

४ दुई जना विज्ञ आमन्त्रण गरिने ।

५. श्री दलबहादुर राना-सदस्य सचिव- श्रोतव्यक्ति

साथै समितिले परिक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि गरी मापदण्ड बमोजिम विज्ञ छनौट गर्ने निर्णय गरियो ।

## २०७५ मंशिर ६ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

## गाउँकार्यपालिका बैठकको निर्णय नं. २

### निर्णयको व्यहोरा

यस गाउँपालिका अन्तरगत योजना संचालन प्रकृयालाई व्यवस्थित बनाउन "उपभोक्ता समिती गठन संचालन सम्बन्धी कार्यविधी २०७५ को मस्यौदा संसोधन सहित"पारित गर्ने ।

## गाउँ कार्यपालिका बैठकको निर्णय नं. ५

### निर्णयको व्यहोरा

यस गाउँपालिकामा हाल सम्म देहाय बमोजिम आम्दानी र खर्च भएको व्यहोरा पेश पेश भए बमोजिम खर्च अनुमोदन समर्थन गर्ने ।

**आम्दानी सारांस**

सबै वडा तथा गा.पा.हाल सम्म भएको आम्दानी :- रु ६,१७,४२७००

**खर्च सारांश**

चालु :- रु १,५९,३४,८३४।४९ पुँजिगत :- रु १,८५,२९,६०६।०० ससर्त :- २,९४,५०,६३५।५०

छत्रेश्वरी गाउँपालिका

(खर्च शिर्षक अन्तरगत मेशिनरी औजार संचालन तथा मर्मत तर्फ रु १३,७०,५९४।०० खर्च अनुमोदन हुन बाँकी रहेको)

## गाउँ कार्यपालिका बैठकको निर्णय नं. ४

### निर्णयको व्यहोरा

यस गाउँपालिकामा  मेशिनद्धारा चालु आ.व.मा तपशिलको योजना संचालनका लागी योजना स्वीकृत गर्ने .।

**योजना :  जयचौर-खर्सुवास सडक निर्माण योजना**

## गाउँ कार्यपालिका बैठकको निर्णय नं. १

### निर्णयको व्यहोरा

यस गाउँपालिकामा चालु आ.व.को विकास निर्माणका काम अगाडी बढाउन प्रकृयामा रहेको प्राविधिक जनशक्ति व्यवस्थापन गरी साविक बमोजिम नै रु १० लाख सम्मको उपभोक्ता समितिबाट र सो भन्दा माथिको ठक्का प्रकृया द्धारा यथासक्य छिटो संचालन गर्ने ।

## गाउँ कार्यपालिका बैठकको निर्णय नं. ३

### निर्णयको व्यहोरा

यस गाउँपालिकाको शंखमुल देखि जिताठान राङसी जिउलाहुदैपानीखोला सम्मजोडने तपसिलबमोजिमको योजनालागत स्टिमेट तयार गरी गाउँपालिकाको मेशिनद्धारा सडक चौडा तथानिर्माण कार्य गर्ने । साथै उक्त योजनाअन्तरगतहाल सम्मप्राविधिकमुल्यांकनकाआधारमाजम्मा रु ४७,७६,२३३.१५लागतको कार्य सम्पन्नभएकोले स्वीकृत गर्ने ।

आयोजनाको नाम :**"शंखमुल-जिताठान-राङसी जिउला-पानीखोला सडक निर्माण योजना "**

सडकनिर्माण स्थान : वडा नं ७

आयोजना संचालनमिति :२०७५।०४।०१  देखि

निर्णय पारित मिति :२०७५।०८।०६

## <u>२०७५ पौष ६ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु:</u>

१.यस गाउँपालिका र स्वच्छता कार्यक्रम सगँको सम्झौता अनुसार स्वास्थ्य चौकी छायाँक्षेत्रमा स्वस्छ खानेपानी आपुर्ति तथा सरसफाई कार्यक्रम संचालन भईरहेको हुदा उक्त कार्यक्रमबाट तयार गरिएको स्टिमेट अनुसार

छत्रेश्वरी गाउँपालिका

गाउँपालिकाको साझेदारी अन्तरगत पर्न आउने रकम मध्ये म्याचिङ फण्डबाट खर्च हुने गरि रु ४ लाख विनियोजन गरि खर्च गर्ने निर्णय गरियो ।

२.समायोजन ऐन २०७५ को दफा ६ को उपदफा ४ बमोजिम साविक स्थानीय तहमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम समायोजन भएकाचौथो तहमा कार्यरत श्री कमलबहादुर एरी र  का स श्री कालीबहादुर खत्रीलाई साविकको तह तथा पदमा समायोजन गरी सो को जानकारी मन्त्रालयलाई दिने ।

३.यस गाउँपालिकाअन्तरगत रहेका सहकारी संस्थाको अन्तिम लेखापरीक्षण गर्नका लागी सम्बन्धीत संस्थाहरुबाट माग भई आएका मध्ये लेखा परीक्षण मान्यता प्राप्त लेखापरीक्षकलाई नियुक्ति दिने निर्णय गरियो ।

४.आपांगता भएका व्यक्तिलाई परिचय पत्र वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट पारित गरि स्थानीय तहकालागी पठाइएको मस्यौदालाई पारित गर्ने निर्णय गरियो । साथै कार्यविधीको दफा मा व्यवस्था भए बमोजिम समन्वय समिति गठन गरी परिचय पत्र वितरणको कार्य अगाडी बढाउने निर्णय गरियो ।

५.यस आ .ब २०७५।७६ का लागी संघिय सरकारका तर्फबाट यस गाउँपालिका अन्तरगत प्राप्त बजेटलाई साझेदारी योजना संचालन कार्यविधी अनुसार यस आ ब. का लागी सबैको सहभागीतामा उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो

६.यस गाउँपालिकाअन्तरगत स्काभेटर चालक तथा सहचालक तथा अन्य कर्मचारीको मासिक सेवा सुविधा सन्दर्भमा पुनरावलोकन गर्नु पर्ने देखिएकोले चालकको प्रति घण्टा रु ३० बृद्धि गरी रु २३० कायम गर्ने  खरिदार श्री प्रभा वली को रु २२,१७०।- सहचालकको प्रति घण्टा रु २० कायम गर्ने निर्णय गरियो ।

७.मानसिक स्वास्थ्य सम्बन्धी सेवा प्रवाहलाई गुणस्तरिय र प्रभावकारी बनाउन गाउँपालिका स्तरमा एक परापर्श एकाई स्थापना गरी सेवा दिन उपयुक्त देखिने भएकोले यस गाउँ स्वास्थ्य तथा स्वास्थ्य चौकीमा गत बर्ष देखि कामकाज गर्दै आएका अनमी श्री अमृता ज्योती वली लाई आजका मिति देखि

छत्रेश्वरी गाउँपालिका

मानसिक स्वास्थ्य उपचार सम्बन्धी काउन्सिलरको जिम्मेवारी दिने र निजलाई मासिक तभ रु अन्य करार अनमीले खाईपाइएको सरह दिने निर्णय गरियो ।

८.श्री लक्ष्मी मावि जयचौरमा लामो समय देखि विवादित भई खाता संचालन नभएका कारण आर्थिक कारोबार नभएकाले कर्मचारीको तलव भत्ता निकासामा बाधा परेको हुदा अव उप्रान्त अर्को व्यवस्था नभए सम्म हाललाई विद्यालयका लेखापाल श्री जनक के.सी र गाउँ शिक्षा शाखा प्रमुख श्री दलबहादुर रानाको संयुक्त दस्तखतबाट संचालन गर्ने निर्णय गरियो

९.प्रत्येक वडामा प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धमा भएको पुर्व निर्णय अनुसार कर्मचारी पदपुर्ति हुन नसकेकोले प्रत्येक वडा कार्यालयमा खटाउन सक्ने गरी सव इन्जिनियर (ओभर सियर) २ र असिस्टेन्ट  सव इन्जिनियर (सव ओभरसियर ) २ का लागी विज्ञापन  गर्ने निर्णय गरियो ।

## २०७५पौष २६ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

१. गाउपालिकाबाट हुने  कामकाजको दायरा नियमिति बढिरहेको र कर्मचारीको संख्य ापनि बृद्धि भइरहेको सन्दर्भमा दैनिक सेवा प्रवालाई सहज बनाउन कार्यालय प्रयोजन र आवास प्रयोजनका लागी भवन तथा कोठाको थप आवश्यकता देखिएकोले सामान्य दरभाउका आधारमा कार्यालयलाई उपयुक्त स्थानमा घरभाडामा लिने ।

२.यस गाउपालिका र कर्णाली प्रदेश सरकार सँग लागत साझेदारीमा कार्य गर्न चालु आ.व. २०७५।७६ का लागी तपसिलका योजनाहरुका लागी समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | संचालन हुने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १. | पन्नेताल खानेपानी आयोजना | वडा नं ७ | २,८१,००,०००।- | DPR सम्पन्न भएको |
| २. | लेखपोखरा एयरपोर्ट | वडा नं ५ | ५,००,००,०००।- | Pre-feasibility study भएको |
| ३ | ज्यामिरे खानेपानी आयोजना | वडा न ३ | २,६०,००,०००।- | DPR सम्पन्न भएका |
| ४ | दमाचौर खा.पा.योजना | वडा नं १ र २ (छत्रेश्वरी ) | ३,५०,००,०००।- | जिल्ला खा.पा.बाट DPR भएको |

३.यस गाउपालिकाको आ.व.२०७५।७६ को बजेट अनुसार गाउँपालिका अन्तरगतका प्रा.वि. तथा निमाविहरुमा विद्युतिय हाजिरी जडानमा रु ३५ लाख विनियोजन गरिएकोले उक्त बजेटबाट गाउँपालिकाका सबै वडा कार्यालय र सम्भव भए सम्मका विद्युतिय हाजिरी जडान गर्न बाँकी विद्यालयहरुमा विद्युतिय हाजिरी थान १, कम्प्युटर थान १ र आवश्यक स्थानमा सोलार सेट थान १ गाउँपालिका द्वारा स्वीकृत प्राविधिक स्पेसिफिकेसन र लागत अनुमानका आधारमा विद्यालयगत रुपमा जडान गर्न लगाउने ।

४.यस गाउँपालिकामा हाल सम्म देहाय बमोजिम आम्दानी र खर्च भएको व्यहोरा पेश पेश भए बमोजिम खर्च अनुमोदन समर्थन गर्ने ।

**आम्दानी सारांस**

सबै वडा तथा गा.पा.हाल सम्म भएको आम्दानी :- रु ८,७१,०८३।३८

**खर्च सारांश**

चालु :- रु २,३१,१०,९७२।—पुँजिगत :- रु २,५२,९९,४३३। ससर्त :- ३,७३,२४,२८०।—

५.यस गाउपालिकाको चालु आ.व. २०७५।७६ को बजेट तथा कार्यक्रममा हाल सम्मको खर्च अनुपात तथा आवश्यकताका आधारमा केहि संसोधन गर्न आवश्यक देखिएकोले संलग्न अनुसुची अनुसार बजेट संसोधनका लागी हिउदे सभामा सिफारीस गर्ने ।

## २०७५फाल्गुन ६ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१.आमा सुरक्षा कार्यक्रम अन्तरगत संघिय सरकारबाट सर्सत अनुदान अन्तरगत विनियोजित रकम अपुग भई भुक्तानी हुन नसकेकोले हाललाई सोधभर्ना हुने गरी वितिय समानिकरण तर्फको स्वास्थ्य संस्थाको संस्थागत क्षमाता विकास तथा स्तरोन्नती शिर्षकबाट खर्च गर्ने र सो बापतको अपुग रकम निकासाका लागी नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा अर्थ मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

२.लेकपोखरा प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित कामकाज गरिरहेका कार्यालय सहयोगी श्री बेलधर सार्कीको राजिनामा दिएकाले निजको स्थानमा नयाँ कार्यालय सहयोगी भर्ना गर्ने र निजको कामकाज गरेको अवधीको तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

३.यस गाउँपालिकामा भएका कच्ची सडकहरु बर्षातको समयमा विभिन्न स्थानमा बाढी पहिरोका कारण विग्रने भत्कीने भएका कारण आवागमन अवरुद्ध भएकोले दशैं तिहार पुर्व बाटो मर्मत कार्य भएकोले सो को कार्य सम्पादन गरेका निर्माण व्यवसायीलाई गाउँपालिकाबाट कायम भएको मेशिनको ज्याला दर तथा कामको प्राविधिक स्टिमेट तथा मुल्यांकनका आधारमा सम्बन्धीत वडा कार्यालयको सिफारिसमा रकम भुक्तानी दिने निर्णय गरियो ।

छत्रेश्वरी गाउँपालिका

४.गाउँपालिकामा रहेको व्याहो लोडर र सवारी साधन संचालनका लागी आवश्यक ड्राइभर तथा सहचालकको व्यवस्थापन गर्नु पर्ने भएकोले गाडी चालक - २ व्याकहोलोडर अपरेटर-१ व्याकहोलोडर सहचालक सहयोगी – २ भर्ना गर्न ७ दिनको सुचना जारी गरी प्रकृया अगाडी बढाउने । साथै गाडी चालकको तलव माासिक रु १८,०००।- र व्याकहो लोडर अपरेटर सहायक अपरेटरको तलव भत्ता साविकका अपरेटर सहायक अपरेटरको सरह सुविधा दिने निर्णय गरियो

५.गाउँपालिकाको वडा नं. ३ मा वडा कार्यालय सुरक्षित र पायक पर्ने स्थानमा नपरेको र वडा नं ७ मा भाडामा संचालित कार्यालय अर्पयाप्त भएका कारण वडा समितिको निर्णय अनुसार चलन चल्तीको भाडा दरमा घर भाडामा लिने निर्णय गरियो । साथै अस्थायी प्रहरी विट लान्तीमा विगत केहि समय पहिले कर्मचारी वढि भएको समयमा व्यवस्थापन गर्न एउटा कोठा भाडामा थप गरिएकोमा घरभाडा रु ११,५००।- भुक्तानी दिने निर्णय गरियो ।

६.गाउँपालिकामा ससर्त अनुदान अन्तरगत गाउँ घर क्लिनीक भवन निर्माणका लागी प्राप्त अनुदान रकमबाट यस वर्ष वडा नं २ मा आवश्यक मापदण्ड डिजाइन तथा निर्देशिका अनुसार गाउँ घर क्लिनीक भवन निर्माण कार्य अगाडी वढाउने निर्णय गरियो ।

७.शंखमुल ग्रामिण विद्युतिकरण एवं वितरण सामुदायिक संस्था शंखमुल सल्यान द्धारा छत्रेश्वरी तथा त्रिवेणी गा.पा.का विभिन्न स्थानमा विद्युतिकरण गर्ने सन्दर्भमा कुल लागत अनुमान रु १३,४९,२२,३२८। मध्ये १० प्रतिशत रकम स्थानीय सहभागीता अन्तरगत छत्रेश्वरी र त्रिवेणी गा.पा.ले बेर्होनु पर्ने रकम हाललाई साझेदार गाउपालिका त्रिबेणी तथा अन्य निकायमा रकम व्यवस्थाका लागी अनुरोध गर्ने र छत्रेश्वरी गा.पा.को हिस्सामा पर्ने रकम गाउँपालिकामा भएको विद्युतिकरण सम्बन्धी कामको मुल्यांकनको आधारमा सम्बन्धीत पक्षलाई टेन्डर तथा निर्माण कार्य संचालन भए पश्चात निकासा दिने निर्णय गरियो ।

८.जिल्ला प्रहरी कार्यालयबाट कारागारमा पुस्तकालय स्थापना गर्न र ससस्त्र प्रहरी गण सल्यानबाट कार्यालय व्यवस्थापनका लागी आर्थिक सहायता माग भई आएकोले जिल्ला प्रहरी कार्यालयलाई रु २०,०००।- र ससत्र प्रहरी गण सल्यानलाई रु २०,०००।- सहायता गर्ने । साथै गाउँपालिका महासंघ प्रदेश सदस्यताका लागी रु २०,०००।- माग भई आएकोले सो रकम भुक्तानी दिने निर्णय गरियो ।

## २०७५ चैत्र ४ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१.श्री लक्ष्मी मावि जयचौरको विद्यालयको खाता हाल सम्म स्रोत व्यक्ति श्री दलबहादुर राना र लेखापाल श्री जनक कुमार के.सी. को संयुक्त दस्तखतबाट संचालनमा रहेकोमा उक्त विद्यालयमा प्र.अ.को पदपुर्ति भईसकेकोले अव उप्रान्त प्र.अ. श्री दिपक बुढाथोकी र लेखापाल श्री जनक कुमार के.सी.को सुयुक्त दस्तखतबाट संचालन गर्ने निर्णय गरियो ।

२.यस गाउँपालिकाका तपशिलका योजनाहरुलाई स्रोत साधनको अवस्था र कामको प्रकृतिका आधारमा बहुवर्षिय योजनाका रुपमा कर्णाली प्रदेश सरकार र छत्रेश्वरी गाउँपालिकाको साझेदारीमा समपुरक अनुदान मार्फत प्राथमिकताका साथ बजेट व्यवस्था गरी संचालन गर्ने निर्णय गरियो ।

| **सि.नं.** | **योजनाको नाम** | **संचालन स्थान** | **आ.व.** | **जम्मा लागत अनुमान** | **योजना अवधी** |
|---|---|---|---|---|---|
| १ | पन्नेताल खानेपानी आयोजना | वडा नं ७ | २०७५।७६,०७६।७७,०७७।७८ | ३,२९,४३,१४० | २ वर्ष |
| २. | ज्यामिरे खानेपानी आयोजना | वडा नं ३ | २०७५।७६,०७६।७७,०७७।७८ | २,२५,०३,३३७ | २ वर्ष |

३.कर्मचारी समायोजन प्रकृया अन्तिम चरणमा पुगेको भएता पनि यस गाउँपालिकामा समायोजन भइ आउनेको संख्या न्युन भएको कारण दैनिक कार्य सम्पादन गर्न नै समस्या पर्न जाने हुदा गाउँपालिकामा कार्यरत तपसिल बमोजिमका करार कर्मचारीहरुको हाल सम्मको कार्य सम्पादन सन्तोषजनक देखिएकोले असाढ मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

**गाउँपालिकतर्फ**

१) सुचना प्रविधि अधिकृत श्री शालीक राम पौडेल
२) सव-इन्जिनियर श्री संदिप शर्मा
३) खरिदार श्री प्रभा डागी
४) खरिदार श्री वुद्धि प्रकाश हमाल
५) ना.प्रा.स.श्री गणेश भण्डारी
६) ना.प्रा.स. श्री विमला घर्तिमगर
७) लाईवेरियन शिक्षक श्री विमला कुमारी खत्री
८) का.स.श्री सिता वुढाथोकी
९) का.स.श्री टिका के.सी.
१०) का.स.श्री निर्मला विष्ट
११) का.स.श्री कमला के.सी.
१२) का.स.श्री सुरेश वि.क.
१३) का.स.श्री सुनिता कुमारी सुनार घर्ति
१४) का.स.भुवनेश्वरी रावल के.सी.
१५) का.स.श्री रमेश वि.क.
१६) का.स.श्री विर वहादुर वोहरा
१७) का.स.श्री यादव वली
१८) का.स.श्री गणेश खत्री
१९) का.स.श्री कृष्ण वहादुर रेउले
२०) चालक श्री प्रेम वहादुर विष्ट
२१)चालक श्री चित्रवहादुर खत्री
२२) चालक श्री गोपाल विष्ट
२३) सहचालकश्री तिलक शर्मा
२४) सह चालकश्री शिव सुन्दर खडका
२५) सा.प. श्री गिता अधिकारी
२६) सा.प. श्री गीता के.सी.भण्डारी
२७) सा.प.श्री कमला के.सी.
२८) सा.प. कमला शर्मा

३.कर्मचारी समायोजन प्रकृया अन्तिम चरणमा पुगेको भएता पनि यस गाउँपालिकामा समायोजन भइ आउनेको संख्या न्युन भएको कारण दैनिक कार्य सम्पादन गर्न नै समस्या पर्न जाने हुदा गाउँपालिकामा

कार्यरत तपसिल बमोजिमका स्वास्थ्य तर्फका करार कर्मचारीहरुको हाल सम्मको कार्य सम्पादन सन्तोषजनक देखिएकोले असाढ मसान्त सम्मका लागी करार अवधी थप गर्ने निर्णय गरियो ।

**स्वास्थ्य तर्फ**

२९) अ.हे.व.श्री दिलिप वोहरा

३०) अ.न.मी श्री दिपा कुमारी डाँगी

३१) अ.न.मी.श्री निर्मला गिरी

३२) अ.न.मी.श्री प्रमिला के.सी.

३३) का.स.श्री डण्ड वहादुर दमाई

४.यस गाउँपालिकाको वडा नं २ मा विभिन्न प्राकृतिक ऐतिहासिक तथा सांस्कृतिक पुरातात्विक स्थलको अध्यायन अनुसन्धानका लागी पर्यटन प्रर्वद्धन गर्न र वडा नं २ मा फलफुल उत्पादन संकलन तथा भण्डारणका लागी एक चिस्यान केन्द्र स्थापना गर्नुपर्ने भएकोले पर्यटन प्रर्वद्धन गुरुयोजना र चिस्यान केन्द्र स्थापना गर्न यस आ.व.को विनियोजित बजेटबाट DPR गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५.सल्यान जिल्ला छत्रेश्वरी गाउपालिका वडा नं १ बस्ने टोप प्रसाद शर्माल सम्मानीत सर्वोच्च अदालत काठमाण्डौंमा दायर गरेको उत्पेषण परमादेश लिखित जवाफ र मुद्दाको बहस पैरवी गर्न गाउँ कार्यापालिकाको कार्यालयको तर्फबाट अधिवक्ता श्री डम्वर वलीलाई अखितियारी दिने

**२०७५ चैत्र १५ गते तोकिएको गाउँ कार्यपालिकको २२ औ बैठक गणपुरक संख्या नपुगी स्थगीत ।**

**२०७५ चैत्र १७ गते तोकिएको गाउँ कार्यपालिकको २३ औ बैठक गणपुरक संख्या नपुगी स्थगीत ।**

## <u>२०७५ चैत्र १९ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिकाको २४ औं बैठकका निर्णयहरुः</u>

१.यस गाउँपालिकाका तपशिलका योजनाहरुलाई स्रोत साधनको अवस्था र कामको प्रकृतिका आधारमा बहुवर्षिय योजनाका रुपमा प्राथमिकताका साथ बजेट व्यवस्था गरि यस आ.व. देखि संचालन गर्ने निर्णय गरियो ।

| **सि.नं.** | **योजनाको नाम** | **संचालन स्थान** | **आ.व.** | **जम्मा लागत अनुमान (भ्याट बाहेक )** | **योजना अवधी** |
|---|---|---|---|---|---|
| १. | शंख पार्क निर्माण | वडा नं ६ | २०७५।७६,०७६।७७ | ९५,५६,६२७३५, | २ वर्ष |

२.नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।११।०३ को निर्णय अनुसार स्थानीय शिक्षा शाखा अन्तरगत कार्यरत श्रोत व्यक्तिहरुलाई साविककै विद्यालयमा काज फिर्ता गर्ने तर स्थानीय तहबाट शैक्षिक प्रशासन तथा प्राविधिक जनशक्तिका रुपमा श्रोत व्यक्ति आवश्यक रहेको व्यहोरा लेखि आएका शिक्षा विकास तथा समन्वय ईकाइ द्धारा व्यवस्थापन सहजीकरण गर्ने भन्ने निर्णय भएकोले कर्मचारी समायोजन प्रकृया समाप्त भई सक्दा पनि यस गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज अनुसार शिक्षा सम्बन्धी कर्मचारी (शिक्षा अधिकृत वा प्रा.स.)नआएकोले शिक्षा सम्बन्धी कर्मचारी पदस्थापना भई नआए सम्मका लागी यस गाउँपालिकामा कार्यरत श्रोत व्यक्ति श्री दलबहादुर रानालाई शिक्षा युवा तथा खेलकुद विकास शाखा अन्तरगत कामकाज गर्ने गरी व्यवस्थापन गरि दिनका लागी शिक्षा विकास तथा समन्वय ईकाइ सल्यानलाई लेखि पठाउने निर्णय गरियो ।

३.नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको पुर्वाधार विकास सर्सत कार्यक्रम अन्तरगत झोलुंगपुल निर्माण सम्बन्धमा यस गाउँपालिकाको ज्युलाखोला पुल वडा नं ५ र लंकीनी खोला पुल वडा नं ४ को झोलंगे पुलका लागी शारदा संस्था द्धारा प्रविधिक डिजाइन ड्रइङ तयार भइ आएको हुदा गाउँपालिकाबाट उक्त दुवैपुलका लागी जम्मा लागत स्टिमेटको ६ प्रतिशत रकम समपुरक कोषमा विनियोजित रकम बेर्होने गरी शारदा संस्था सँग साझेदारीमा निर्माण कार्य अघि बढाउन सम्झौता गर्ने निर्णय गरियो ।

## २०७६ वैशाख ३ गते बसेको छत्रेश्वरी गाउँ कार्यपालिकाको २५ औं बैठकका निर्णयहरुः

१.गाउँपालिकामा हुने सार्वजनिक खरिद तथा निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी गुणस्तरिय प्रतिस्पधी र मितव्ययी बनाई समग्र खरिद प्रकृयालाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन २०६३ र स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रहि नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय द्धारा स्वीकृत गरि आएको नमुना **सार्वनिक खरिद नियामावली २०७६** को मस्यौदा लाई स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

छत्रेश्वरी गाउँपालिका

छत्रेश्वरी गाउँपालिका